सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ मंसिर २०८२, मंगलबार (25 Nov 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २१५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ प्रतिनिधिसभा निर्वाचन

नयाँ जनसंख्याको आधारमा समानुपातिकतर्फ प्रतिनिधित्व गराउने गृहकार्य

संविधानमा क्लस्टरका आधारमा समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था छ, तर पहिले ६ क्लस्टर रहेकामा ०७८ को जनगणनाअनुसार आठ क्लस्टर बनाइएपछि निर्वाचन आयोगले यसै आधारमा सिट बाँडफाँट गर्दै छ



■ के हुँदै छ फेरबदल ?

हाल ०६८ को जनगणनाअनुसार समानुपातिकतर्फ खसआर्य ३१.२, आदिवासी जनजाति २८.७, मधेशी १५.३, दलित १३.८, थारू ६.६ र मुस्लिम ४.४ प्रतिशत समानुपातिक सिट कोटा लागू छ। ०७८ को जनगणनाअनुसार समानुपातिक सिट कोटा छुट्याउन भन्दै आयोगले जनसंख्याको प्रतिशत मागेको छ। क्लस्टरअनुसार जनसंख्याको प्रतिशतमा भएको फेरबदललाई आधार मानेर आयोगले आगामी निर्वाचनका लागि समानुपातिकतर्फको सिट संख्या बाँडफाँट गर्नेछ।

■ समायोजन गर्न कठिन

तथ्यांक कार्यालयका अनुसार ०७८ को जनगणनाअनुसार आठवटा समूहमा पहाडे खसआर्य ३०.१२, मधेशी १६.०६, पहाडे दलित ८.५९, मधेशी दलित ४.७८, हिमाली/पहाडी जनजाति २६.०५, तराई जनजाति ८.९४, धर्म/भाषिक समूहहरू ४.९२ र अन्य ०.४७ प्रतिशत छ। यो वर्गीकरणलाई आयोगले खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित, थारू र मुस्लिम समूहमा तथ्यांक खोजेको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले प्रतिनिधिसभाको आसन्न निर्वाचनका लागि ०७८ को जनगणनाअनुसार समानुपातिक सिट कोटा छुट्याउने गरी कानुन बनाउन गृहकार्य थालेको छ। नयाँ जनसंख्याको आधारमा समानुपातिकतर्फ प्रतिनिधित्व गराउनुपर्ने भएकाले निर्वाचन ऐनमै संशोधन गर्न आयोगले सरकारलाई पत्राचार गरेको छ।

ऐनको दफा २८ र ६० ले समानुपातिक निर्वाचन प्रणालीमार्फत जनसंख्याको आधारमा तोकिएको समावेशी प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था गरेको छ। ०६८ को जनगणनाअनुसार समानुपातिकतर्फ छुट्याइएको सिटलाई ०७८ को जनगणनाअनुसार परिमार्जन गर्ने गरी आयोगले कानुनी जटिलता फुकाउन खोजेको हो।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची १ संशोधन गर्न गृह मन्त्रालयलाई पत्राचार गरेको छ। ऐनको अनुसूची १ दफा २८(५) र ६०(६) मा उल्लेखित समानुपातिक निर्वाचन प्रणालीको उम्मेदवारीसँग सम्बन्धित छ।

दफा २८(५) मा 'दलले समानुपातिक उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारले ०७८ को जनगणनाअनुसार कानुनमा अद्यावधिक गरिदिनुपर्छ



● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

पुरानो क्लस्टर सिरानी हालेर आयोगले काम गर्दैन। सरकारले पछिल्लो जनगणनाअनुसार कानुनमा अद्यावधिक गरिदिनुपर्छ। आयोगले ०७८ को जनगणनाअनुसार कुन क्लस्टरको कति प्रतिशत हो भनेर गृह मन्त्रालयलाई पत्र लेखेर मागेको छ। त्यसअगाडि राष्ट्रिय तथ्यांक कार्यालयका प्रतिनिधि बोलाएर छलफलसमेत गरेका छौं। गृहलाई हामीले यो सम्बोधन गरेर देऊ भनेका छौं। हामी त कार्यान्वयन गर्ने निकाय हो। छिट्टै निचोडमा पुग्छौं।

एक-दुई प्रतिशत हाराहारीमा तलमाथि पर्छ



● **द्रुण्डीराज लामिछाने**
प्रवक्ता, राष्ट्रिय तथ्यांक कार्यालय

हामीले १४२ जातजातिको जनसंख्या विवरण सार्वजनिक गरिसकेका छौं। त्यसलाई समायोजन गरेर तथ्यांक प्रयोजनका लागि आठवटा क्लस्टरमा मिलाएर पनि सार्वजनिक गरिएको छ। अब अहिले ६ वटा क्लस्टरमा मिलाउन अलि जटिलता छ। कुन जात कहाँ पर्छ भनेर सम्बन्धित निकायले भनिदियो भने हामीलाई निष्कर्षमा पुग्न सजिलो हुन्थ्यो। तैपनि सबै पक्षसँग छलफल गरेर, समझदारी गराएर टुंग्याउँछौं। ६ वटा क्लस्टरमा समायोजन गर्दा विवादित नहोस् भनेर सम्बन्धित आयोगले सहजीकरण गरिदिनुपर्छ। आठवटा क्लस्टरलाई मिलाएर दिन हामीलाई आपत्ति छैन। गृह मन्त्रालयबाट पत्र आएको छ। हामी एक-दुई दिनमा समायोजन गरेर पठाउँछौं। खसआर्यको जनसंख्या घटेको छ र आदिवासी जनजातिको बढेको छ। एक-दुई प्रतिशत हाराहारीमा तलमाथि पर्छ।

वारपारतिर कांग्रेस विवाद

कांग्रेसभित्र महाधिवेशनको मिति र नेतृत्वबारे चलेको आन्तरिक संघर्ष छिनोफानोको चरणमा

विशेष महाधिवेशन माग्ने पक्षले निर्णायक दबाब दिन बोलायो विशेष भेला



अब विशेष महाधिवेशनको विकल्प छैन

● **गगन थापा**, महामन्त्री

अब विधानबमोजिम समयभित्रै विशेष महाधिवेशन हुन्छ। त्यहींबाट नयाँ सभापतिको निर्वाचन हुन्छ। नयाँ सभापतिको हस्ताक्षरसहित निर्णय सच्चिएर निर्वाचन आयोगमा जान्छ। नयाँ नीति र नेतृत्वसहित त्यही हस्ताक्षरमा पार्टी चुनाव लड्छ। यही कारण हामीले निर्वाचनअगाडि नै महाधिवेशन भनेको हो। अब विशेष महाधिवेशनको विकल्प छैन।

विशेष महाधिवेशनमा जाँदा नसोचेको घटना हुन सक्छ

● **उदयशमशेर राणा**, केन्द्रीय सदस्य

विशेष महाधिवेशनमा जोड दिँदा जेन-जी पुस्तालाई क्रियाशील सदस्यता दिने अवस्था हुँदैन। जेन-जी पुस्तालाई ल्याएनौं भने पार्टीको आधार कमजोर हुन्छ। विशेष महाधिवेशनमा जाँदा हस्ताक्षर सनाखतलगायतका विषयले पार्टीमा विवाद आउन सक्छ र नसोचेको घटना हुन सक्छ, तपाईंहरूले सोच्नुहोस् भनेका छौं।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

केन्द्रीय महाधिवेशन २१ फागुनको निर्वाचनअघि कि पछि भन्ने विषयमा कांग्रेसभित्रको विवाद अब वारपारको चरणमा प्रवेश गरेको छ। संस्थापन पक्षले नियमित महाधिवेशन वा विशेष महाधिवेशन दुवैमा स्पष्ट निर्णय नलिँदा विशेष महाधिवेशन पक्षधरले निर्णायक दबाब सिर्जना गर्न विशेष भेला नै बोलाएका छन्। केन्द्रीय समितिले मिति नतोके विशेष महाधिवेशन पक्षधर आफैं

» पृष्ठ २ मा क्रमशः

■ देउवालाई कसले गरायो पुनः सक्रिय ?

कांग्रेस सभापति शेरबहादुर देउवाले कार्यवाहक नेतृत्व पूर्णबहादुर खड्कालाई जिम्मा लगाएर स्वास्थ्योपचारका लागि सिंगापुर गएका थिए। लामो समय बस्ने योजनाअनुसार गएका उनी बिचमै फर्कनुलाई कांग्रेसभित्र आश्चर्यका रूपमा हेरिएको थियो। महाधिवेशनको मितिमा सहमति हुन नसकेको र महामन्त्रीद्वय गगन थापा-विश्वप्रकाश शर्मा समूहले कार्यवाहक सभापति खड्कामाथि निरन्तर दबाब दिँदै आएपछि कांग्रेसका पूर्वपदाधिकारी तथा थप नेताले सभापति देउवालाई आउनुपर्ने अवस्था सिर्जना गरेको कांग्रेस स्रोत बताउँछ।

देउवाले खड्कालाई कार्यवाहक सभापति दिएकोमा पूर्वउपसभापति विमलेन्द्र निधि, प्रकाशमान सिंह, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र पार्टी प्रवक्ता डा. प्रकाशशरण महत सन्तुष्ट थिएनन्। पूर्वउपसभापति विजय गच्छदार र गोपालमान श्रेष्ठ तथा पूर्वमहामन्त्री शशांक कोइरालासमेत 'सात भाइ'ले कार्यवाहक सभापतिलाई सहयोग नगरेको र देउवालाई सक्रिय बनाउन जोड दिँदै आएको जानकार नेता बताउँछन्। स्रोतका अनुसार सात पूर्वपदाधिकारीमा गच्छदार, श्रेष्ठ र कोइराला अहिले देउवालाई सक्रिय गराउनुपर्ने पक्षमा छैनन्। तर, चार पूर्वपदाधिकारी देउवाको सक्रिय भूमिकाको पक्षमा थिए। उनीहरूलाई ज्ञानेन्द्र कार्की, एनपी साउद र बालकृष्ण खाणलगायतका प्रभावशाली नेताहरूले साथ दिएपछि देउवा सक्रिय हुने वातावरण बनेको स्रोतहरू बताउँछन्।

विधानतः विशेष महाधिवेशन बाध्यता तर, नबोलाए के गर्छन् पक्षधर प्रतिनिधि ?

केन्द्रीय कार्यसमिति बैठकमा नाटकीय सहमति जुटेन भने विधानतः कांग्रेस पुस मसान्तभित्र विशेष महाधिवेशनमा जानुपर्ने बाध्यतामा छ। कांग्रेसमा ४० प्रतिशतभन्दा धेरै प्रतिनिधिले विशेष महाधिवेशन माग्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता गराइसकेका छन्। विधानले यसलाई अस्वीकार गर्न सक्ने ठाउँ छैन। कांग्रेस विधानको दफा १७ (२) मा लेखिएको छ, 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ।'

११ मंसिरमा बस्ने केन्द्रीय कार्यसमिति बैठकले विशेष महाधिवेशनको निर्णय नलिए आफैंले महाधिवेशन बोलाउने विकल्पमा हस्ताक्षर बुझाएका प्रतिनिधिहरूले छलफल गरिरहेका छन्। यो समूहले आगामी रणनीति तय गर्न १० मंसिरमा भेला बोलाएको छ। एक केन्द्रीय सदस्यले पार्टीले संस्थागत निर्णय नलिए ज्येष्ठ सदस्यको अध्यक्षतामा विशेष महाधिवेशन हुने र त्यसले नेतृत्व र नीतिबारे निर्णय लिने विकल्पमा छलफल भइरहेको बताए।

एक नम्बर सचिव नयाँ मुख्यसचिव

सचिवहरूको वरीयतामा पहिलो नम्बरमा रहेका सुमनराज अर्याल नयाँ मुख्यसचिवमा नियुक्त, ५८ वर्षे अनिवार्य अवकाश उमेरका कारण करिब साढे सात महिना मात्र पदमा बहाल रहने

३० वर्षअघि तथ्यांक अधिकृत भएर प्रवेश गरेका थिए निजामती सेवामा

काठमाडौं जोरपाटीका अर्याल तथ्यांक सेवाका कर्मचारी हुन्। उनले त्रिभुवन विश्वविद्यालयबाट तथ्यांकशास्त्रमा 'एमएस्सी' गरेका छन्। १९ वैशाख ०५३ मा तथ्यांक अधिकृतबाट उनले निजामती सेवा प्रवेश गरेका थिए। १९ माघ ०७७ मा सचिव भएका अर्यालले सरकारको निर्णयसँगै हाल कार्यरत एक लाखभन्दा बढी निजामती कर्मचारीको अभिभावकीय नेतृत्व सम्हाल्ने अवसर पाएका छन्। आगामी २५ असारसम्म करिब साढे सात महिना उनी मुख्यसचिवमा बहाल रहनेछन्।



सुमनराज अर्याल
नवनियुक्त मुख्यसचिव

> प्रशासनका समस्या र कर्मचारीको उत्साह बढाउने गरी काम गर्छु

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले रक्षासचिव सुमनराज अर्याललाई मुख्यसचिव बनाउने भएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले अर्याललाई आगामी मुख्यसचिव पदमा नियुक्त गर्ने निर्णय लिएको हो। हाल सचिवहरूको वरिष्ठताक्रममा अर्याल पहिलो नम्बरमा छन्।

मुख्यसचिव एकनारायण अर्याल उमेरहदका कारण बुधबार अवकाशमा जान लागेको दुई दिनअघि सरकारले उक्त पदमा नयाँ नियुक्ति गर्ने निर्णय लिएको हो। 'मुख्यसचिव एकनारायण अर्यालको कार्यकाल बुधबारसम्म छ। लगत्तै जिम्मेवारीमा रहने गरी सुमनराज अर्याललाई नियुक्त गर्ने निर्णय मन्त्रिपरिषद्मा भएको छ,' सरकारका प्रवक्ता जगदीश खरेलले नयाँ पत्रिकासँग भने।

सचिवहरूमध्येबाट मुख्यसचिवमा नियुक्ति गर्ने कानुनी व्यवस्था र अभ्यास छ। सोहीअनुसार आगामी मुख्यसचिव बन्न प्रतिस्पर्धामा भन्डै आधा दर्जन सचिव आकांक्षी थिए।

» पृष्ठ २ मा क्रमशः

प्रतिव्यक्ति पौने तीन लाख बुझाएर गएका आठ नेपाली कतारमा अलपत्र



कम्पनी छाडेको भन्दै उल्टै म्यानपावर कम्पनीका अध्यक्षले हाले उजुरी, दूतावासले सुनुवाइ नगरेको पीडितको गुनासो

(विस्तृत पृष्ठ ३)

उपभोक्ता अदालत चार महिनादेखि नेतृत्वविहीन

२ चैतमा उद्घाटन भएको अदालतमा हालसम्म २७ उजुरी दर्ता, दर्जनभन्दा बढी स्वास्थ्य क्षेत्रसँग सम्बन्धित

(विस्तृत पृष्ठ ६)

■ विश्व स्वास्थ्य संगठनको रिपोर्ट

८० लाख नेपालीलाई बाथरोग

विशेषज्ञ चिकित्सक ३० मात्रै, सरकारीमा जम्मा एक


नेसनल बाथरोग सेन्टरले पनि गरिरहेको छ अध्ययन, रिपोर्ट पुसमा आउने

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा बाथरोगको अवस्था भयावह देखिएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले अध्ययन गरेर ८० लाख नेपालीलाई बाथरोग रहेको निष्कर्ष निकालेको हो। नेसनल बाथरोग सेन्टरले दुई वर्षअघि सीमित स्याम्पलिङमा मात्रै अध्ययन गर्दा ४५ लाखलाई बाथरोग भएको निष्कर्ष निकालेको थियो। सेन्टरले अहिले फेरि दायरा बढाएर अध्ययन गर्दै छ। बाथरोगीको तथ्यांक भयावह देखिँदा यसको उपचार गर्ने विशेषज्ञ चिकित्सक भने ३० जना मात्रै छन्। नेपालमा यसको पढाइ पनि हुँदैन।

डब्लुएचओले विदेशी युनिभर्सिटीका

» पृष्ठ २ मा क्रमशः



नेपालमा अधिकांशलाई ढाड, छाला, गठिया, आँला, घुँडा, गुप्तांग, लुपसलगायतको बाथरोग

डब्लुएचओले विदेशी युनिभर्सिटीका अनुसन्धानकर्ताहरूलाई नेपालमै ल्याएर देशभरका अस्पतालमा उपचार गरिएका बिरामीहरूको ल्याब टेस्ट रिपोर्ट, ओपिडीमा आउने बिरामीलगायतमा गरेको थियो अध्ययन

दुई वर्षअघि हामीले अध्ययन गर्दा पनि ४५ लाखभन्दा धेरैमा बाथरोग भेटिएको थियो



● **रोशन कक्षपति**, प्रबन्ध निर्देशक, नेसनल बाथरोग सेन्टर

डब्लुएचओले यो वर्ष जारी गरेको तथ्यांकमा ८० लाखभन्दा बढी नेपालीलाई बाथरोग भएको उल्लेख छ, हामीले पनि दुई वर्षअघि अध्ययन गर्दा ४५ लाखभन्दा धेरैमा बाथरोग भेटिएको थियो। हामीले त्यति बेला सानो दायरामा रहेर अध्ययन गरेका थियौं। तर, डब्लुएचओले विदेशी युनिभर्सिटीका अनुसन्धानकर्ताहरूलाई नेपालमै ल्याएर देशभरका अस्पतालमा भएका ल्याब टेस्ट रिपोर्ट र ओपिडीमा आएका बिरामीमाथि विस्तृतमै अध्ययन गरेको हो। हामीले अहिले फेरि अध्ययन गरिरहेका छौं, यसको रिपोर्ट पुसमा आउँछ।

बाथरोगले मिर्गौलादेखि मुटुसम्म बिगार्छ, जोगिन यसो गर्नुस्



● **डा. सुधीर कर्माचार्य**, बाथरोग विशेषज्ञ

धेरैजसो बाथरोग सामान्यबाट सुरु हुन्छ र त्यसलाई खेलबाड गर्दा जटिल बन्छ। जटिल अवस्थाको बाथरोगले भित्री अंगमा असर गर्ने, हरेक अंगलाई नै खुम्च्याउने र मानिसलाई नै कुरूप बनाउन सक्छ। किड्नी र मुटुमा हान्न सक्छ। कसैलाई निमोनिया भयो, टाइफाइड भयो, ज्वरो आयो भने त्यस्तो बेला शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ र बाथरोगको जन्म हुन्छ। सरसफाइमा ध्यान दिने हो भने यो कम हुन सक्छ। नियमित शारीरिक अभ्यास, खानपिनमा सुधार गरियो भने बाथरोगबाट बच्न सकिन्छ।

सरकार गठनको दुई महिनापछि शीर्ष नेतासँग छलफल गर्दै प्रधानमन्त्री कार्की



२१ फागुनको निर्वाचनका लागि विश्वासको वातावरण बनाउन प्रधानमन्त्री सुशीला कार्की यसै साता कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गर्ने तयारीमा

नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकार र प्रमुख दलहरूबिच आपसी विश्वास र समन्वयको अभाव देखिएकै बेला प्रधानमन्त्री सुशीला कार्की प्रमुख दलका शीर्ष नेतासँग छलफल गर्ने गृहकार्यमा जुटेकी छिन्। दलहरूका दोस्रो र तेस्रो तहका नेतासँग तीनपटक छलफल गरिसकेकी प्रधानमन्त्री कार्कीले सत्ता सम्हालेको दुई महिनापछि शीर्ष तहमा संवादको गृहकार्य थालेकी हुन्।

२१ फागुनको निर्वाचनमा जुटेकी प्रधानमन्त्री कार्की यसै साता प्रमुख तीन दलका शीर्ष नेता कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गर्ने तयारीमा छिन्। जेन-जी आन्दोलनपछि सत्ताबाट विस्थापित र जेन-जी युवाको आक्रोशमा परेका शीर्ष नेता र प्रधानमन्त्रीबिच संवाद नहुँदा २१ फागुनको निर्वाचनलाई लिएर अझै संशय छन्।

» पृष्ठ २ मा क्रमशः

एक नम्बर...

पृष्ठ १ बाट क्रमशः

तर, सरकारले वरिष्ठताक्रमअनुसार नियुक्ति गरेको छ। अर्यालसहित प्रमिलादेवी बज्राचार्य, मधुसुधन बुर्लाकोटी, कृष्णहरि पुस्कर, रामप्रसाद घिमिरेलगायत मुख्यसचिवको प्रतिस्पर्धामा थिए। यसअघि सरकारले प्रहरी नेतृत्व पनि वरिष्ठताक्रमअनुसार नियुक्त गरेको थियो। वरीयताक्रमअनुसार गरेकाले नियुक्ति निर्विवाद हुन गएको छ।

उमेरहदका कारण अर्याल लामो समय मुख्यसचिवको पदमा बहाल रहने अवस्था भने छैन। मुख्यसचिवको कार्यकाल तीन वर्ष हुने व्यवस्था भए पनि त्यसअघि नै ५८ वर्षे अनिवार्य अवकाश उमेरका कारण अर्याल अवकाशमा जानेछन्। आगामी २५ असारसम्म गेरर करिब साढे सात महिना उनी मुख्यसचिवमा बहाल रहनेछन्।

अर्याल १९ माघ ०७७ मा सचिव भएका थिए। सचिवको पाँचवर्षे कार्यकालका कारण उनी आगामी १९ माघमा पदबाट अवकाश हुँदै थिए। त्यसको करिब साढे दुई महिनाअघि नै सरकारले मुख्यसचिव नियुक्ति गरिदिएपछि ५८ वर्षे अनिवार्य अवकाशको उमेरहदको समय बाँकी रहेका कारण उनले थप पाँच महिना मुख्यसचिव रहने अवसर पाएका छन्।

काठमाडौंको जोरपाटीका अर्याल तथ्यांक सेवाका कर्मचारी हुन्। उनले त्रिभुवन विश्वविद्यालयबाट तथ्यांकशास्त्रमा 'एमएस्सी' गरेका छन्। १९ वैशाख ०५३ मा तथ्यांक अधिकृतबाट उनले निजामती सेवा प्रवेश गरेका थिए। सरकारको निर्णयसँगै उनले हाल कार्यरत एक लाखभन्दा बढी निजामती कर्मचारीको अभिभावकीय नेतृत्व सम्हाल्ने अवसर पाएका छन्।

अर्याल साबिक तथ्यांक विभागको महानिर्देशक हुँदै सचिव भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय योजना आयोग, महिला तथा बालबालिका मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयलगायतमा कार्यरत रहे। पछिल्लोपटक उनी रक्षा मन्त्रालयमा कार्यरत थिए। उनी करिब दुई महिना रक्षासचिव बने। अर्याल निजामती सेवामा बहाल रहँदा कुनै पनि सार्वजनिक विवादमा परेनन्।

सरकार गठनको...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलले शीर्ष तीन नेतासँग प्रधानमन्त्रीको संयुक्त छलफलको गृहकार्य भइरहेको बताए। 'पहिलो चरणमा तीनैजनालाई संयुक्त भेट्ने योजना छ। मिति निश्चित भएको छैन। मंगलबार आमन्त्रण-पत्र जान्छ होला। यो हप्ता भेटघाट हुन्छ,' उनले नयाँ पत्रिकासँग भने।

प्रधानमन्त्रीको सचिवालयका अनुसार २१ फागुनको निर्वाचनका लागि विश्वासको वातावरण बनाउन तीन नेतासँग छलफल गर्न लागिएको हो। सबै परिस्थिति सामान्य बन्दै गएको र निर्वाचनको माहोल पनि बनिरहेका वेला दलहरूलाई एक ठाउँमा ल्याउन प्रधानमन्त्रीले छलफलको अग्रसरता लिएकी हुन्। खास गरेर एमालेले संवैधानिक हैसियत र चुनावी वातावरणलाई लिएर सरकार तथा प्रधानमन्त्री कार्कीको कठोर आलोचना गर्दै आएको छ।

प्रमुख तीन दलका नेताले प्रधानमन्त्रीले छलफल नगरेको भन्दै गुनासो गर्दै आएका छन्। तीन नेतापछि अन्य दलका अध्यक्षसँग पनि छलफल गर्ने कार्यसूची रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। यसअघि प्रधानमन्त्री कार्कीले दलहरूका दोस्रो र तेस्रो तहका नेतासँग तीनपटक छलफल गरिसकेकी छिन्।

विदेशी नागरिक ट्र्याकिङ गर्ने प्रणाली १७ पुसबाट पुनः सुरु हुने

कार्यान्वयनको नयाँ मिति घोषणासँगै प्रणालीको नाम पनि परिवर्तन गरियो

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका कारण स्थगित भएको विदेशी नागरिकलाई ट्र्याक गर्ने प्रणाली आगामी १ जनवरी (१७ पुस) बाट पुनः सञ्चालनमा आउने भएको छ। यसअघि गत १ असोजबाट यो प्रणाली लागू गर्ने भनिए पनि रोकिएको थियो। अध्यागमन विभागका अनुसार कार्यान्वयनको नयाँ मिति घोषणासँगै प्रणालीको नाम पनि परिवर्तन गरिएको छ। यसअघि प्रणालीको नामम 'विदेशी नागरिक दर्ता तथा अनुगमन प्रणाली (एफएनआरटिएस)' राखिएको थियो। अहिले भने यसको नाम 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (एफएन-एमआइएस)' राखिएको छ।

'ट्र्याकिङ' शब्दावलीले फरक सन्दर्भ बोक्ने भएकाले प्रणालीको नामावलीमा केही सुधार गरिएको अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले बताए। 'जेन-जी आन्दोलनपछि स्थगित भएको विदेशी नागरिकको सूचना व्यवस्थापन गर्ने प्रणाली आगामी १ जनवरीबाट पुनः कार्यान्वयनमा आउने भएको छ। यसका लागि आवश्यक सबै तयारी पूरा भएका छन्। प्रणालीको नामावलीमा केही सुधार गरी 'ट्र्याकिङ' शब्दावलीको ठाउँमा 'व्यवस्थापन' राखिएको छ। काम गर्ने प्रणाली उही हो,' उनले भने।

नेपालमा विनाभिसा र भिसा दुरुपयोग गरी बस्ने विदेशी नागरिकको संख्या बढेपछि विभागले यो प्रणाली कार्यान्वयनमा ल्याउन खोजेको हो। विभागका अनुसार नेपालमा अहिले आठ हजार २०६ जना विदेशी नागरिक विनाभिसा बसिरहेका रहेका छन्। तर, उनीहरू बसेको ठाउँ र गरिरहेका कामको सम्बन्धमा विभाग अनभिज्ञ छ। त्यस्ता नागरिकलाई सूचना प्रणालीभित्र समेट्न एफएन-एमआइएस प्रणाली कार्यान्वयन गर्न खोजिएको विभागका प्रवक्ता टीकाराम ढकालले बताए।

'नेपालमा अझै पनि आठ हजारभन्दा धेरे विदेशी नागरिक विनाभिसा बसिरहेको सूचना छ। भिसा प्रयोजनविपरीत पनि विदेशी नागरिक बसिरहेका छन्। त्यस्ता नागरिकको सूचना संकलन गर्ने र आवश्यक परे कारबाही गर्ने उद्देश्यले एफएन-एमआइएस प्रणाली लागू गर्न खोजिएको हो,' उनले भने।

विभागका अनुसार प्रणाली कार्यान्वयनका लागि होटेल एसोसिएसन नेपाल (हान), ट्रेकिङ एजेन्सी अफ नेपाल (टान), होटेल तथा पर्यटन व्यवसायी संघ नेपाललगायतका संघसंस्था राजी भइसकेका छन्। यसका लागि विभागले गत २२ भदौमा प्रदर्शनीमार्गस्थित पर्यटन बोर्डमा बृहत् छलफल गरेको थियो। त्यसको भोलिपल्टै देशव्यापी जेन-जी आन्दोलन भयो। र, विभागको योजना स्थगित हुनपुग्यो।

विभागका अनुसार विशेष गरी पर्यटन र बिजनेस भिसामा नेपाल बस्ने विदेशी नागरिकको गतिविधि शंकास्पद देखिएको छ। पछिल्लो तथ्यांकअनुसार नेपालमा १२ लाख विदेशी नागरिक पर्यटन भिसामा भित्रिएका छन्। जसमध्ये चार सयभन्दा धेरै विदेशी नागरिकको गतिविधि शंकास्पद देखिएको अध्यागमनले जनाएको छ। त्यस्तै, बिजनेस भिसा लिएर नेपाल बसेको नागरिकको संख्या करिब चार हजार छ। त्यसमध्ये ५० प्रतिशत अर्थात् झन्डै दुई हजार विदेशी नागरिकको गतिविधि शंकास्पद देखिएको छ। 'यहाँ विदेशी नागरिक लगानी भित्र्याउने भन्दै बिजनेस भिसा लिन्छन्। तर, उनीहरूले न लगानी भित्र्याउन सकेका छन्, न उनीहरूको गतिविधि नै ठिक देखिएको छ। त्यस्ता व्यक्तिहरूलाई सूचना प्रणालीभित्र ल्याएर कारबाही गर्न आवश्यक छ। यसैका लागि हो, एफएन-एमआइएस,' विभागका प्रवक्ता ढकालले भने।

अध्यागमन नियमावली, ०५१ को नियम २०(१)मा पर्यटन भिसा लिएर नेपाल बस्ने विदेशी नागरिक वा परिवार का सदस्यलाई पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न बन्देज गरेको छ। ' नियमावलीबमोजिम पर्यटक र परिवारको सदस्यको हैसियतले भिसा पाउने विदेशीले नेपालभित्र रहँदा पारिश्रमिक लिई वा नलिई कुनै उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न पाउनेछैन। नियमावलीबमोजिम भिसा प्राप्त गर्ने विदेशीले जुन उद्देश्यको निमित्त भिसा प्राप्त गरेको हो, सोबाहेक अन्य काम गर्न पाइनेछैन,' नियममा भनिएको छ।

यसरी हुन्छ ट्र्याकिङ

विदेशी नागरिक नेपालमा प्रवेश गरेलगत्तै सम्पर्कमा पुग्ने पहिलो निकाय अध्यागमन कार्यालय हो। त्यसपछि होटेल हो। ट्राभल्स एन्ड टुर, मनी एक्सचेन्ज त्यसपछि जोडिने निकाय हुन्। सोही क्षेत्रलाई प्रयोग गरी विभागले विदेशी नागरिक ट्र्याक गर्न खोजेको थियो। यसैका लागि विभागले 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली (एफएन-एमआइएस)' विकास गरेको हो। विभागका अनुसार एफएन-एमआइएसबाट दुई तरिकाले विदेशी नागरिकमाथि ट्र्याकिङ गर्न सकिन्छ। पहिलो, विभागले बनाएको एप्समार्फत र दोस्रो होटेलमार्फत। विभागले विदेशी नागरिकका लागि भिसा अप्लाई गर्न डिपार्टमेन्ट अफ इमिग्रेसन नामको एप विगतदेखि नै सञ्चालनमा ल्याएको छ। अध्यागमन कार्यालयमा पुग्न साथ कुनै पनि विदेशी नागरिकले विभागको एप्समा आफ्नो विवरण एड गर्न सक्छ। त्यसलगत्तै विभागले उसलाई एउटा क्युआर कोड उपलब्ध गराउँछ। सोही कोड लिएर ऊ होटेल पुग्छ।

होटेलमा उसले फाराम भर्नुपर्दैन, सोही कोड देखाए पुग्छ। होटेलमा रहेको डिभाइसले कोड रिड गर्छ। जसको विवरण एफएनआरटिएसमा स्वतः दर्ता हुन्छ। होटेलबाट चेक आउट हुँदा पनि विदेशी नागरिकले सोही क्युआर होटेललाई दिन्छ। डिभाइसले रिड गरेलगत्तै त्यसको विवरण एफएनआरटिएसमा स्वतः दर्ता हुन्छ। क्युआर कोड नलिएका विदेशी नागरिकले भने सम्बन्धित होटेलमा आफ्नो पासपोर्टसहितको विवरण पेस गर्नुपर्छ। होटेलले सम्बन्धित व्यक्तिको विवरण विभागको एफएनआरटिएसमा चढाउँछ। र, तथ्यांक रजिस्टर हुन्छ। यो प्रणाली ट्राभल्स एन्ड टुर र मनी एक्सचेन्जमा पनि कार्यान्वयन गरिने हुँदा विदेशी नागरिकको पूरा अवस्थिति विभागको जानकारीमा रहन्छ। प्रणालीले भिसा सकिएको र दुरुपयोग भएको जानकारीसमेत विभागलाई गराउँछ।

नबिल बैंक लिमिटेड, कपन शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२१)
(दोश्रो पटक प्रकाशित मितिः २०८२/०८/०९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/१८ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरी मिति **२०८२/०७/२१ मा नेपाल समाचार पत्र दैनिक पत्रिका**मा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिनेछ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **सात (७)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आह्वान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बााकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमो जिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुर क्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

	तपसिल
१	**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**
	कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार,उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४-०१-१७ मा दर्ता नं. १६७७४२/७३/०७४ अन्तर्गत दर्ता भएको **आकार डेभलपर्स प्रा.लि.।** ठेगानाः काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा, वडा नं. ११, राम मन्दिर, काठमाडौं।
	ऋणी कम्पनीका सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण
	रविलाल पाध्याको नाती, भक्तिराम पाध्याको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.सं. वडा नं. ११ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने, ना.प्र.न. ८९९३/०४४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. चितवन (जारी मितिः बि.सं. २०६१/०२/२६), भएको **जयराम पौडेल।**
	धितोको विवरण
	सवारी साधनको विवरण: **आकार डेभलपर्स प्रा.लि.**र यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा.प्र. ०२८च-०२७६ भएको NEXON EV XZ+LUX.
२	**ऋणीको नाम र ठेगानाको विवरण**
	रविलाल पाध्याको नाती, भक्तिराम पाध्याको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.सं. वडा नं. ११ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने, ना.प्र.न. ८९९३/०४४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. चितवन (जारी मितिः बि.सं. २०६१/०२/२६), भएको **जयराम पौडेल।**
	ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण
	अग्निधर पाध्याको नाती, रविलाल पाध्याको छोरा, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने, ना.प्र.न. २७-०१-७५-०८५८४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाडौं (जारी मितिः बि.सं. २०७५-०६-१५), भएको **भक्ती राम पाध्या।**
	धितोको विवरण
	धितोमा रहेको घर/जग्गाको विवरण: काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने, **भक्ती राम पाध्या**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं ०५ नक्सा सिट नं १०२०९४८२३ मा अवस्थित कि.नं. ८९ क्षेत्रफल १२७.१९ वर्ग मिटर घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०८/१५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०८/१६ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको **नाम**मा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

वारपारतिर...

पृष्ठ १ बाट क्रमशः

निर्णय लिने तयारीमा छन्।

उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति बनाएर घरमै बसेका सभापति शेरबहादुर देउवाले आफ्नै हस्ताक्षरमा आयोगमा दल दर्ता गरेपछि विवाद थप जटिल बनेको छ। त्यसपछि महामन्त्री गगन थापाले विशेष महाधिवेशनबाहेक विकल्प नरहेको र नयाँ सभापतिले नै कांग्रेसका उम्मेदवारका नाममा हस्ताक्षर गर्ने दाबी गरेका छन्।

मंगलबार सामाजिक सञ्जालमा लेख्दै थापाले विशेष महाधिवेशनको विकल्प नरहेको बताएका छन्। 'अब विधानबमोजिम समयभित्रै विशेष महाधिवेशन हुन्छ। त्यहीँबाट नयाँ सभापतिको निर्वाचन हुन्छ। नयाँ सभापतिको हस्ताक्षरसहित निर्णय सच्चिएर निर्वाचन आयोगमा जान्छ। नयाँ नीति र नेतृत्वसहित त्यही हस्ताक्षरमा पार्टी चुनाव लड्छ। यही कारण हामीले निर्वाचनअगाडि नै महाधिवेशन भनेको हो। अब विशेष महाधिवेशनको विकल्प छैन,' उनले लेखेका छन्।

महाधिवेशनको मिति निर्धारणमा शीर्ष नेताहरूबिच सहमति नजुट्दा देउवा पुनः सक्रिय हुँदै गएका छन् भने महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मा विशेष महाधिवेशनमा अडानमा छन्। यी विषयले ११ मंसिरको केन्द्रीय कार्यसमिति बैठकअघि कांग्रेसभित्र ठुलो घटनाक्रम विकसित हुने देखिएको छ। संस्थापनपक्ष विशेष महाधिवेशनका लागि तयार नभए कांग्रेस विवाद कहाँ पुगेर टुंगिन्छ भन्ने तस्बिर प्रस्ट भएको छैन। तर, महामन्त्रीद्वय हरेक 'जोखिम' कदम चाल्ने मनस्थितिमा रहेको कांग्रेसका कतिपय नेता बताउँछन्।

केन्द्रीय कार्यसमितिको २८ असोजको बैठकमा सभापति देउवाले वरिष्ठतम उपसभापति खड्कालाई कार्यवाहक सभापति दिएर सिंगापुर गएयता खड्काको अध्यक्षतामा बैठक बस्दै आएको छ। तर, आइतबार कार्यवाहक सभापतिलाई बाइपास गरेर देउवाको हस्ताक्षरमा पार्टी दर्ताको निवेदन निर्वाचन आयोगमा बुझाएपछि कांग्रेस संस्थापन पक्षबिच विवाद देखिएको छ। नेताहरूका अनुसार व्यक्तिगत रूपमा कार्यवाहक सभापति खड्का पनि सन्तुष्ट छैनन्। तर, उनले निकटस्थहरूसँग पनि खुलेर बोलेका छैनन्।

२०६४ सालमा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले सुशील कोइरालालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए। '२०६४ को सबै चुनावी प्रक्रियामा कार्यवाहक सभापति सुशील कोइरालाको हस्ताक्षर थियो। उम्मेदवारको टिकटमा सुशील दाको हस्ताक्षर थियो,' कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले भने, 'अहिले कार्यवाहक सभापतिलाई बैठक राख्ने र अलमल गर्ने मात्रै जिम्मा दिएको पुष्टि भयो, निर्णायक सभापति आफैँ देखिनुभयो। उहाँहरूबिचमा नै कार्यवाहक सभापतिप्रति अविश्वास देखियो।'

बिहीबार भेट्न गएका केन्द्रीय सदस्यहरूलाई देउवाले आफूले नेतृत्व खड्कालाई दिएकाले उनी र महामन्त्रीहरूसँग कुराकानी गर्न भनेका थिए। सामूहिक रूपमा गएका नेताहरूसँग उनले कार्यवाहक सभापतिसँग कुरा गर्न सुझाव दिएको, तर एक्लाएक्लै पुगेका नेताहरूलाई देउवाले महाधिवेशनसम्म आफू सक्रिय रहने बताएको एक केन्द्रीय सदस्यले बताए।

'तपाईंले नेतृत्व छाडिसकेपछिको परिस्थितिबारे छलफल गर्न आएको हुँ,' भन्ने केन्द्रीय सदस्यहरूलाई देउवाको जवाफ थियो, 'मैले कहाँ नेतृत्व छाडेको छु, सभापति मै हुँ,' भन्ने जवाफ दिएका थिए। नियमित महाधिवेशनमार्फत देउवाको सम्मानजनक बहिर्गमन गराउनुपर्नेमा पार्टीका पूर्वपदाधिकारीको समूहले विशेष महाधिवेशनतर्फ धकेलेको र देउवाको अब अपमानजनक बहिर्गमनको बाटो खोलेको ती केन्द्रीय सदस्यको आरोप छ।

सहमति खोज्न चालिएका प्रयास पनि सकारात्मक देखिएका छैनन्। चुनावअघि नै महाधिवेशन हुनुपर्ने पक्षमा उभिएका संस्थापन पक्षका नेता तथा विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानको अगुवाइ गरेका नेताहरूबिच सोमबार छलफल भएको थियो। छलफलमा विशेष महाधिवेशन पक्षधर नेता गुरुराज घिमिरेले अब अरू विकल्प समाप्त भएको बताएका थिए।

केन्द्रीय सदस्य उदयशमशेर राणा, आङ्गेलु शेर्पा, पुष्पा भुसाललगायतका नेताले अहिले विशेष महाधिवेशनमा जाँदा पार्टी फुट्न सक्नेतर्फ विश्लेषण गर्दै पुसभित्रै नियमित महाधिवेशनमा जानुपर्ने एजेन्डामा समर्थन गर्न आग्रह गरेका थिए। 'विशेष महाधिवेशनमा जोड दिँदा जेन-जी पुस्तालाई क्रियाशील सदस्यता दिने अवस्था हुँदैन। जेन-जी पुस्तालाई ल्याएनौँ भने पार्टीको आधार कमजोर हुन्छ भन्यौँ,' बैठकमा सहभागी नेता राणाले नयाँ पत्रिकासँग भने, 'विशेष महाधिवेशनमा जाँदा हस्ताक्षर सनाखतलगायतका विषयले पार्टीमा विवाद आउने र नसोचेको घटना हुन सक्ने भएकाले सोच्नुहोस् भन्ने सुझाव दियौँ।' केन्द्रमा जस्तै विशेष महाधिवेशनको माग जिल्लामा पनि आउन सक्ने भएकाले यसले थप जटिलता उत्पन्न हुने राणालगायत नेताहरूको भनाइ थियो।

केन्द्रीय समितिको अघिल्लो दिन विशेष भेला

विशेष महाधिवेशनका लागि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाएको समूहले १० मंसिर (बुधबार) विशेष भेला बोलाएका छन्। काठमाडौंको राष्ट्रिय सभामा बो लाइएको विशेष भेलामा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा सहभागी हुनेछैनन्। तर, चुनावअघि नै महाधिवेशन हुनुपर्ने तथा पार्टी पुनर्संरचना हुनुपर्ने आवाज उठाएका नेता सहभागी हुनेछन्। भेलाले विशेष महाधिवेशनका बारेमा के न्द्रीय समितिलाई दबाब दिने र बिहीबारपछि कुनै निर्णय लिने सन्देश प्रवाह गर्ने एक नेताको दाबी छ। उनी भन्छन्, 'यो सामान्य भेला होइन, विशेष भेला हो। यसले विशेष महाधिवे शनको निर्णय लिन पनि सक्छ। यसलाई सामान्य रूपमा हे र्नुहुँदैन।' संस्थापननिकट केन्द्रीय सदस्यहरूले बिहीबारको के न्द्रीय समिति बैठकसम्म कुर्न सुझाव दिएका छन्।

नयाँ जनसंख्याको...

पृष्ठ १ बाट क्रमशः

जनसंख्याको आधारमा अनुसूची- १ मा उल्लेख भएबमोजिम दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारू र मुस्लिमसमेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम तयार गर्नुपर्ने' भनिएको छ।

दफा ६०(६) मा 'दलले सूची पेस गर्दा जनसंख्या र सो दलले प्राप्त गरेको सिट संख्याको आधारमा अनुसूची- १ मा तोकिएको प्रतिशतअनुरूप दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारू तथा मुस्लिमको प्रतिनिधित्व हुने गरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रमअनुसार सूची पेस गर्नुपर्नेछ। त्यस्तो सूचीमा यथासम्भव पिछडिएको क्षेत्र तथा अपांगता भएको व्यक्तिको समेत प्रतिनिधित्व गराउनुपर्ने' भनिएको छ।

ऐनको अनुसूची १ मा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारको बन्दसूचीका लागि समावेशी आधार समूहको प्रतिनिधित्व प्रतिशत उल्लेख गरिएको छ। जसअनुसार खसआर्य ३१.२, आदिवासी जनजाति २८.७, मधेशी १५.३, दलित १३.८, थारू ६.६ र मुस्लिम ४.४ प्रतिशत समानुपातिक सिट कोटा तोकिएको छ। यो हिसाब ०६८ को जनगणनाअनुसार हो।

आयोगले ०७८ को जनगणनाअनुसार समानुपातिक सिटका लागि नयाँ जनसंख्याको प्रतिशत मागेको हो। भण्डारीले पुरानो क्लस्टरका आधारमा चुनाव गराउन नसकिने पनि बताए। 'पुरानो क्लस्टर सिरानी हालेर आयोगले काम गर्दैन। सरकारले पछिल्लो जनगणनाअनुसार कानुनमा अद्यावधिक गरिदिनुपर्छ,' कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने, 'आयोगले ०७८ को जनगणनाअनुसार कुन क्लस्टरको कति प्रतिशत हो भनेर गृह मन्त्रालयलाई पत्र लेखेर मागेको छ। त्यसअगाडि राष्ट्रिय तथ्यांक कार्यालयका प्रतिनिधि बोलाएर छलफलसमेत गरेका छौँ। गृहलाई हामीले यो सम्बोधन गरेर देऊ भनेका छौँ। हामी त कार्यान्वयन गर्ने निकाय हो। छिट्टै निचोडमा पुग्छौँ।'

यसअघि क्लस्टरअनुसार जनसंख्याको प्रतिशत नतोकिँदा आयोगले १८ असार ०८० मा गृह मन्त्रालयमा पठाएको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक अगाडि बढेको थिएन। गृहले क्लस्टर उपलब्ध गराउन पत्राचार गरे पनि राष्ट्रिय तथ्यांक कार्यालयले दिएको थिएन।

निर्वाचन आयोगले १३ र १४ मंसिरमा समानुपातिक निर्वाचनका लागि उम्मेदवारको बन्दसूची बुझाउने समय तोकेको छ। त्यसअगावै प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको अनुसूची १ संशोधन हुनुपर्ने आयोगका पदाधिकारीको धारणा छ।

राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेले सबै पक्षसँग छलफल गरेर छिट्टै टुंगोमा पुग्ने बताए। कार्यालयले ०७८ को जनगणनाअनुसार आठवटा क्लस्टरको तथ्यांक डेढ वर्षअघि नै सार्वजनिक गरेको छ। त्यसलाई ६ वटा क्लस्टरमा कसरी मिलाउने भन्नेमा कार्यालय निष्कर्षमा पुगिसकेको छैन। 'हामीले १४२ जातजातिको जनसंख्या विवरण सार्वजनिक गरिसकेका छौँ। त्यसलाई समायोजन गरेर तथ्यांक प्रयोजनका लागि आठवटा क्लस्टरमा मिलाएर पनि सार्वजनिक गरिएको छ। अब अहिले ६ वटा क्लस्टरमा मिलाउन अलि जटिलता छ। कुन जात कहाँ पर्छ भनेर सम्बन्धित निकायले भनिदियो भने हामीलाई निष्कर्षमा पुग्न सजिलो हुन्थ्यो। तैपनि सबै पक्षसँग छलफल गरेर, समझदारी गराएर टुंग्याउँछौँ,' उनले भने।

६ वटा क्लस्टरमा समायोजन गर्न सम्बन्धित समावेशी, जनजाति, दलित आयोगहरूले सहयोग गर्नुपर्ने उनको भनाइ छ। '६ वटा क्लस्टरमा समायोजन गर्दा विवादित नहोस् भनेर सम्बन्धित आयोगले सहजीकरण गरिदिनुपर्छ। आठवटा क्लस्टरलाई मिलाएर दिन हामीलाई आपत्ति छैन। गृह मन्त्रालयबाट पत्र आएको छ। छलफल गरेर मिलाएर पठाउँछौँ,' प्रवक्ता लामिछानेले भने।

निर्वाचनका लागि आवश्यक क्लस्टर समूह मिलाउन तथ्यांक कार्यालयले सहयोग गर्ने उनको भनाइ थियो। 'हामी एक-दुई दिनमा समायोजन गरेर पठाउँछौँ,' उनले भने। ०७८ को जनगणनाअनुसार खसआर्यको जनसंख्या घटेको र आदिवासी जनजातिको बढेको लामिछानेले बताए। 'एक-दुई प्रतिशत हाराहारीमा तलमाथि पर्छ,' उनले भने।

तथ्यांक कार्यालयका अनुसार आठवटा समूहमा पहाडे खसआर्य ३०.१२, मधेशी १६.०६, पहाडे दलित ८.५९, मधेशी दलित ४.७८, हिमाली/पहाडी जनजाति २६.०५, तराई जनजाति ८.९४, धर्म/भाषिक समूहहरू ४.९२ र अन्य ०.४७ प्रतिशत रहेको छ। यो वर्गीकरणलाई आयोगले खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित, थारू र मुस्लिम समूहमा तथ्यांक खोजेको छ।

८० लाख...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धानकर्ताहरूलाई नेपालमै ल्याएर देशभरका अस्पतालमा उपचार गरिएका बिरामीहरूको ल्याब टेस्ट रिपोर्ट, ओपिडीमा आउने बिरामीलगायतमा अध्ययन गरेर बाथरोगीको संख्या निकालेको हो। अधिकांशमा ढाड, छाला, गठिया, औँला, घुँडा, गुप्तांग, लुपसलगायतको बाथरोग देखिएको छ। डब्लुएचओले अनुसन्धान रिपोर्ट स्वास्थ्य मन्त्रालय र नेसनल बाथरोग सेन्टरलाई यसअघि नै बुझाइसकेको छ।

'डब्लुएचओले यो वर्ष जारी गरेको तथ्यांकमा ८० लाखभन्दा बढी नेपालीलाई बाथरोग भएको उल्लेख छ, हामीले पनि दुई वर्षअघि अध्ययन गर्दा ४५ लाखभन्दा धेरैमा बाथरोग भेटिएको थियो। हामीले त्यति वेला सानो दायरामा रहेर अध्ययन गरेका थियौँ। तर, डब्लुएचओले विदेशी युनिभर्सिटीका अनुसन्धानकर्ताहरूलाई नेपालमै ल्याएर देशभरका अस्पतालमा भएका ल्याब टेस्ट रिपोर्ट र ओपिडीमा आएका बिरामीमाथि विस्तृतमै अध्ययन गरेको हो,' सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले भने, 'हामीले अहिले फेरि अध्ययन गरिरहेका छौँ, यसको रिपोर्ट पुसमा आउँछ।'

कक्षपतिका अनुसार अध्ययनका क्रममा दुई सय प्रकारका बाथ रहेको भेटिएको थियो। तर, सेन्टरले ७-८ प्रकारमा बाथमा मात्रै काम गरिरहेको उनको भनाइ छ। बाथका लागि नेपालमा एचएलए डिआरफोर, एचएलए बी फाइभ वान, एचएलए बी टू सेभेन ल्याबजाँच हुने उपकरण रहेको कक्षपतिले बताए।

कडा किसिमको बाथ भए शरीरका अंग बांगिने र कुरूप हुने हुन्छ। त्यस्तो अवस्थामा जीवनभर औषधि सेवन गर्नुको विकल्प नहुने चिकित्सकहरू बताउँछन्। सेन्टरका बाथरोग विशेषज्ञ डा. सुधीर कर्माचार्यले नेपालमा बाथरोग कम उमेर समूहकै व्यक्तिलाई हुने कडा बाथ बढी देखिएको बताए।

'हामीकहाँ गठिया अर्थात् औँला बांगो हुने र सुन्निने बाथ बढी छ। यो कडा किसिमको बाथ हो। कम उमेर समूहका महिलालाई यो बाथ बढी हुने गरेको छ। यसले किड्नी, कलेजो, मुटुजस्ता महत्त्वपूर्ण अंगमा असरसमेत गर्छ,' उनले भने, 'अर्को लुपस बाथ भन्ने पनि धेरैलाई हुन्छ, यसले बढीजसो मिर्गौलामा असर गर्छ। त्यस्तै, ढाड र युरिक एसिड बाथ पनि धेरैमा देखिन्छ।'

बालबालिकादेखि वृद्धवृद्धासम्मलाई बाथरोग हुन्छ। चिकित्सकहरूका अनुसार लुपस बाथ १५ देखि ४५ वर्ष उमेर समूहकालाई बढी देखिन्छ, घुँडाको बाथ प्रायः ५० कटेपछि हुन्छ। त्यस्तै, युरिक एसिडको बाथ २५ वर्षभन्दा माथि उमेरकालाई देखिन्छ। सुरुवाती चरणमै उपचार पाए निको हुने बाथरोग, शरीरमा फैलिएर हातखुट्टा नै बांगिने, अंग बिग्रिने अस्पतालमा पुगेपछि भने निको नहुने कक्षपति बताउँछन्।

ग्रान्डी अस्पतालमा कार्यरत बाथरोग विशेषज्ञ डा. विनयकुमार रेग्मीका अनुसार सामान्यतः जोर्नी दुःखाइलाई बाथरोग भनिए पनि यसले शरीरको प्रतिरक्षा प्रणाली कमजोर बनाउने गर्छ। गर्मीको तुलनामा जाडो मौसममा बाथरोगीलाई बढी पीडा हुन्छ। चिसोमा रक्त सञ्चार कम हुँदा बढी जोर्नी दुखेको महसुस हुने उनले बताए।

बाथरोगका ३० जना मात्रै विशेषज्ञ डाक्टर, सरकारीमा जम्मा एक

डब्लुएचओले ८० लाख नेपालीलाई बाथ भएको भयावह रिपोर्ट देखाउँदा, नेपालमा यसको उपचार गर्ने विशेषज्ञ डाक्टर (रिम्याटोलोजिस्ट) भने ३० जना मात्रै छन्। अझ दयनीय यो छ कि सरकारी अस्पतालमा यस्तो विशेषज्ञ एकजना मात्रै छन्, पाटन अस्पतालमा। बाँकी सबै निजी अस्पतालमा कार्यरत रहेको नेसनल बाथरोग सेन्टरका प्रबन्ध निर्देशक कक्षपतिले बताए।

'बिरामीको संख्या अत्यधिक छ, तर विशेषज्ञ चिकित्सक अत्यन्त न्यून हुँदा उपचारमा समस्या भएको छ। अधिकांश बिरामी उपचारको पहुँचमै छैनन्,' उनले भने, 'नेपालमा बाथरोगको मेडिकल शिक्षासमेत छैन। विदेशमा अध्ययन गरेर आएका चिकित्सकले यहाँ काम गर्छन्।' उनका अनुसार जुनसुकै उमेर समूहका व्यक्तिमा बाथ हुन सक्छ, अहिले धेरै रोगी १४ देखि ४५ वर्ष उमेर समूहका छन्।

तीन लाखसम्म बुझाएर गएका आठ नेपाली महिला कतारमा अलपत्र

कम्पनी छाडेको भन्दै उल्टै म्यानपावर कम्पनीका अध्यक्षले हाले उजुरी, दूतावासले सुनुवाइ नगरेको पीडितको गुनासो

● गैरआवासीय नेपाली संघ कतारका तृतीय उपाध्यक्ष जहागिर आलम भन्छन्- कतारमा कार्यरत नेपाली श्रमिकहरूका लागि परिषद्सँग दूतावासले समन्वय नै गर्न चाहँदैन । कार्यालय समय सकिएसँगै साँझ पाँच बजे आश्रयस्थल छैन भन्दै कार्यवाहक राजदूत कुमार राईसहितका कर्मचारीहरू हिँडेपछि राति करिब साढे ८ बजेतिर आठजनाको कानुनी प्रक्रिया नहुन्जेलसम्मका लागि कतारस्थित महिला समाजको जिम्मा लगायौँ ।



लहानमा **मणिलाल विश्वकर्मा**

श्रम स्वीकृति लिएर कोटेश्वरको रेसनल ओभरसिज म्यानपावर कम्पनीमार्फत कतारमा ड्राइक्लिनरको काममा लगिएका आठ नेपाली महिला सम्झौताअनुसार पारिश्रमिक नदिई अन्य काममा लगाएको भन्दै दूतावास गुहार्न पुगेका छन् ।

पाँचथरको हिलिहाङ गाउँपालिका- ३ गोपेटारकी फुपु शेर्पा, उनकी दिदी दालामु शेर्पा, सिन्धुपाल्चोक हेलम्बु गाउँपालिका-६ इचोककी मंगली तामाङ र उनकी फुपू दिदी राम्री तामाङ कतारस्थित नेपाली दूतावास गुहार्न पुगेका हुन् । त्यस्तै, भोजपुरको भोजपुर नगरपालिका- १२ टक्सारकी शर्मिला कार्की र रामप्रसाद राई नगरपालिका- ५ मानेभन्ज्याङकी विनिसा थापा, डोल्पाको जगदुल्ला गाउँपालिका- ६ ज्याकोटकी सम्झना रोकाया र बाँकेको बैजनाथ गाउँपालिका- २ नौबस्ताकी चन्द्रकला सुनारसहित आइतबार बिहान ११ बजे दूतावास गुहार्न पुगेको गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीले बताए ।

● पीडित **चन्द्रकला सुनार** भन्छिन्- अस्पतालको कामको भिसा भनेपछि म्यानपावरलाई दुई लाख ७० हजार रुपैयाँ बुझाएर गत २० असारमा कतार आएकी हुँ । अहिलेसम्म एक महिनाको पाँच सय कतारी रियालबाहेक तीन महिनाको पारिश्रमिक नै दिएको छैन ।

दूतावासमा बिहान ११ बजेदेखि अप्ठ्यारोमा परेका नेपाली पुगेको थाहा पाएलगत्तै एनआरएनएका द्वितीय उपाध्यक्ष सन्तोष पौडेल र तृतीय उपाध्यक्ष जहागिर आलमलाई पठाएर कार्यालय समयसम्म घचघच्याउँदा पनि दूतावासले बेवास्ता गरेको उनले बताए । 'कतारमा कार्यरत नेपाली श्रमिकहरूका लागि एनआरएनसँग दूतावासले समन्वय नै गर्न चाहँदैन,' तृतीय उपाध्यक्ष आलमले भने, 'कार्यालय समय सकिएसँगै साँझ ५ बजे आश्रयस्थल छैन भन्दै कार्यवाहक राजदूत कुमार राईसहितका कर्मचारीहरू हिँडेपछि राति करिब साढे ८ बजेतिर आठजनाको कानुनी प्रक्रिया नहुन्जेलसम्मका लागि कतारस्थित महिला समाजको जिम्मा लगायौँ ।'



■ मासिक पारश्रमिक पाँच सय, त्यो पनि दिएनन्

काठमाडौं महानगरपालिका- ३२ कोटेश्वरस्थित रेसनल ओभरसिजमार्फत दैनिक आठ घण्टा काम गरेबापत मासिक एक हजार पाँच सय रुपैयाँ पाइने भन्दै कतार पुऱ्याइएपछि पासपोर्टसमेत खोसेको सिन्धुपाल्चोकको हेलम्बु घर भएकी मंगलीले बताइन् । 'अस्पतालको कामको भिसा भनेपछि म्यानपावरलाई दुई लाख ७० हजार रुपैयाँ बुझाएर गत २० असारमा कतार आएकी हुँ,' नयाँ पत्रिकासँगको टेलिफोन सम्पर्कमा बैजनाथ- २ नौबस्ता घर भएकी चन्द्रकला सुनारले भनिन्, 'अहिलेसम्म एक महिनाको पाँच सय कतारी रियालबाहेक तीन महिनाको पारिश्रमिक नै दिएको छैन ।' स्थानीय कम्पनीले पठाएको ठाउँमा हरेक दिन बिहान सबैरैदेखि राति १२ बजेसम्म काममा जोतिनुपरे पनि पारिश्रमिक भनेबमोजिम नपाएपछि दूतावासलाई गुहार्न आएको उनले बताइन् ।

म्यानपावरका कर्मचारी र एजेन्टमार्फत झुक्याएर कतार पुऱ्याइएपछि भनेअनुसारको काम र पारश्रमिक नपाउनेले काठमाडौंमै दुई लाख ४० हजारदेखि तीन लाख रुपैयाँसम्म बुझाएको पीडित रोकायाले बताइन् । 'हामीलाई भनेअनुसारको काम र पारिश्रमिक दिइनुपऱ्यो,' उनले भनिन्, 'अन्यथा अर्को कम्पनीमा काममा लगाइदिनुपऱ्यो ।' काठमाडौंस्थित म्यानपावरका अध्यक्षसमेत रहेका लोकेन्द्रबहादुर कार्कीले कतारमा आफ्नो नाममा अमाज साइन र श्रीमतीको नाममा स्पेयर फाइभ सर्भिस दर्ता गरेर चलाइरहेको पीडितहरूले सुनाए । 'काठमाडौंबाट कतार ल्याएपछि त्यही कम्पनीमा आउने अनलाइन मागका आधारमा हामीलाई पठाइनेरहेछ,' भोजपुर मानेभन्ज्याङ घर भएकी विनिसा थापाले भनिन्, 'ड्राइक्लिनरको काम भनेर लगियो, तर काम र पारिश्रमिकको टुंगो छैन ।'

■ कम्पनी छाडेर भागेको भन्दै फर्जी उजुरी

ऋण कर्जा गरेर कतार पुगेकाले काम र पारिश्रमिकको टुंगो नभएपछि दूतावास गुहार्न गएकै दिन आइतबार अध्यक्ष कार्कीले उल्टै कम्पनी छाडेर भागेको भन्दै स्थानीय सर्च एन्ड फलो डिपार्टमेन्टमा उजुरी दिएको पीडितहरूको गुनासो छ । 'हामी कम्पनी छाडेर भागेका होइनौं,' भोजपुर टक्सारकी कार्कीले भनिन्, 'डिपार्टमेन्टबाट तत्काल हाजिर हुनु भनेपछि महिला समाज र परिषद्को सहजीकरणमा सोमबार त्यहाँ पुगेर आफूहरूको भनाइ राखेका छौं ।'

राम्रो काम र पारिश्रमिक पाइन्छ भन्दै नेपालबाट लगिएका चेलीहरूलाई भनेअनुसारको काम र पारिश्रमिक नदिएको विषयमा कार्कीले बोक्ने कतारको हवाट्सएप नम्बरमा पटक-पटक सम्पर्कको प्रयास गरिए पनि सम्भव नै भएन । काठमाडौंस्थित कार्यालयका कर्मचारीले बोक्ने नम्बरमा म्यासेज गरिए पनि कुनै प्रतिक्रिया आएन ।

नेता व्यवस्थापनमा जुट्यो नेकपा

एकता प्रक्रियामा सामेल भएका सबै दलका केन्द्रीय सदस्य केन्द्रीय समितिमा रहने

● **देव गुरुङ**, नेता नेकपा

संयोजक र सहसंयोजकले आवश्यक तयारी गर्दै हुनुहुन्छ । साबिकका संरचनाभित्रै रहेर काम भइरहेका छन् । बैठकको अध्यक्षता कसले गर्ने भन्ने कुरा मात्रै हो । साबिक दलका केन्द्रीय सदस्य हाल पनि सोही पदमा भइहाले । विगतमा जहाँ जिम्मेवारी छ, अहिले त्यही हो ।



प्रेम गौतम / नयाँ पत्रिका


नेपाली कम्युनिस्ट पार्टी नेताहरूको व्यवस्थापनको तयारीमा लागेको छ । संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले गृहकार्य गरेर नेताहरूको व्यवस्थापन टुंग्याउने तयारी छ । केन्द्रमा केन्द्रीय समिति, राजनीतिक समिति, सचिवालय र कार्यसंयोजन समिति रहनेछ । एकता प्रक्रियामा सामेल भएका सबै दलका केन्द्रीय सदस्य केन्द्रीय समितिमा रहनेछन् ।

विगतमा स्थायी समितिमा रहेकाहरू समेटेर राजनीतिक समिति, पदाधिकारी समेटेर सचिवालय र शीर्ष नेताहरू समेटेर कार्यसंयोजन समिति गठन गर्ने तयारी छ । एकता र समायोजनको काम जारी रहेकाले कमिटी गठन र जिम्मेवारी बाँडफाँडको काम स्थगन भएको नेताहरूले दाबी गरेका छन् । 'संयोजक र सहसंयोजकले आवश्यक तयारी गर्दै हुनुहुन्छ । साविकका संरचनाभित्रै रहेर काम भइरहेका छन् । बैठकको अध्यक्षता कसले गर्ने भन्ने कुरा मात्रै हो । साविक दलका केन्द्रीय सदस्य हाल पनि सोही पदमा भइहाले । विगतमा जहाँ जिम्मेवारी छ, अहिले त्यही हो,' नेता देव गुरुङले भने ।

संगठनात्मक संरचनाको संख्या र नेताहरूको व्यवस्थापन यथाशीघ्र हुने अर्का नेता प्रकाश ज्वालाले बताए । 'केन्द्रीय समितिमातहत राजनीतिक समिति, सचिवालय र कार्यसंयोजन समिति रहन्छ । एकता र समायोजनको क्रम जारी रहेकाले हालसम्म कमिटीको संख्या यकिन छैन,' उनले भने । निर्वाचन आयोगमा १३८ सदस्यको नाम मात्रै पठाइएको छ । थप नाम अद्यावधिक गर्ने तयारी रहेको नेताहरूले बताएका छन् । जसपाका संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठसहितका नेताहरू समाहित भएपछि सांगठनिक काम अघि बढ्ने र आयोगमा थप नाम अद्यावधिक गर्ने तयारी छ ।

सहमतिमै सबै समिति निर्माण हुने नेताहरूले दाबी गरेका छन् । १९ कात्तिकमा माओवादी, एकीकृत समाजवादीलगायतका दल मिलेर नेपाली कम्युनिस्ट पार्टी घोषणा गरिएको थियो । नेकपामा भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान र श्रमशक्ति पार्टी पनि समाहित भएका छन् ।

■ ११ मंसिरमा श्रेष्ठ समूह नेकपामा समाहित हुने



नेकपामा जसपा संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठसहितका नेताहरू ११ मंसिरमा समाहित हुने भएका छन् । प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा ११ कात्तिकमा औपचारिक कार्यक्रम राखिएको छ । नेकपामा समायोजनअघि श्रेष्ठ समूहले १० मंसिरमा राजधानीमा भेला आयोजना गरेको छ ।

श्रेष्ठसहित केन्द्रीय समिति उपाध्यक्षहरू रणध्वज लिम्बू (कन्दङ्वा) र परशुराम बस्नेत, केन्द्रीय सल्लाहकार समिति अध्यक्ष दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष डा. पुष्पराज राजकर्णिकार र केन्द्रीय अनुशासन आयोग अध्यक्ष कृष्णबहादुर घजुलगातका नेता तथा कार्यकर्ता नेकपामा समाहित हुँदै छन् । उनीहरूको नाम अभिलेखबाट हटाइएको जसपा अध्यक्ष अशोक राईले जानकारी दिए ।

श्रेष्ठ समूहले बोलाएको भेलालाई राईले पहिचान आन्दोलन र जसपालाई नोक्सान पुऱ्याउने दुराशयले प्रेरित भएको दाबी गरेका छन् । 'एकीकरणको नाममा मंसिर १० गते काठमाडौंमा भेला हुन गरिएको आह्वान पहिचान आन्दोलन र जनता समाजवादी पार्टीलाई नोक्सान पुऱ्याउने दुराशयबाट प्रेरित छ,' राईले सोमबार जारी विज्ञप्तिमा भनेका छन् । राईले नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय मुक्ति पार्टीबिच आगामी निर्वाचनमा एकल चुनाव चिह्नमा चुनाव लड्ने सहमतिमा हस्ताक्षरसमेत गरेका छन् । एकल चुनाव चिह्नको रूपमा हाल नागरिक उन्मुक्ति पार्टीको कायम रहेको जाँतो (चकिया) चुनाव चिह्न प्रयोग गर्ने सहमति भएको छ ।

निर्वाचनमा भाग लिन ६४ दलले दिए निवेदन

काठमाडौं / प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनमा भाग लिन ६४ पार्टीले दल दर्ताका लागि निवेदन दिएका छन् । सोमबार नेत्रविक्रम चन्द विप्लवको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)सहित सात दलले निवेदन दिएका छन् । आयोगले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि १० मंसिरसम्म निवेदन लिने, ११ देखि १८ गतेसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने कार्यक्रम छ ।

आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसका अनुसार सोमबार देवप्रकाश त्रिपाठीको नागरिक शक्ति नेपाल, रञ्जिता श्रेष्ठको नागरिक उन्मुक्ति, खड्गबहादुर देवानको मितेरी पार्टी नेपाल, तुलसीराज गिरीको प्रगतिशील समाजवादी पार्टी, नेत्रबहादुर चन्द विप्लवको नेपाल कम्युनिस्ट पार्टी (माओवादी), वृषेशचन्द्र लालको तमलोपा, रमणकुमार कर्णको जनादेश पार्टी नेपालले निवेदन दिएका छन् ।

आइतबार मोतीलाल भारतीको नेपाल समावेशी पार्टी, शेरबहादुर देउवाको नेपाली कांग्रेस, रामकुमार राईको खम्बुवान राष्ट्रिय मोर्चा, सुशीलचन्द्र अधिकारीको नेपालका लागि नेपाली पार्टी, पुण्यप्रसाद प्रसाईंको सचेत नेपाली पार्टी, सिमान तामाङको जनप्रिय लोकतान्त्रिक पार्टी, राजेन्द्र साहको राष्ट्रिय विकास पार्टी, थमनबहादुर बुढामगरको नेसनल रिपब्लिक नेपाल, मुस्कान पौडेलको युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टी, सुरेशकुमार कार्कीको जय मातृभूमि पार्टी, गंगालाल श्रेष्ठको नेपाल नौलो जनवाद पार्टी, हर्कराज राईको श्रम संस्कृति पार्टी, महन्थ ठाकुरको लोसपा नेपाल, सत्यवानकुमार सिंहको स्वाभिमान पार्टी, ज्ञानबहादुर तामाङको जनप्रजातान्त्रिक पार्टी, हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टी नेपाल दर्ता लागि आयोग पुगेका थिए ।

यसअघि शुक्रबार रुक्मिणी चौधरीको संघीय नेपाल पार्टी, सिके राउतको जनमत पार्टी, दिनेशराज प्रसाईंको गतिशील लोकतान्त्रिक पार्टी, कृष्णकुमार राईको नेपाली जनश्रमदान संस्कृति पार्टी, कबिर सोपको नागरिक उन्मुक्ति पार्टी नेपाल, भूपि राईको राष्ट्रिय साझ पार्टी, रमेश नाल्भोको परिवर्तन पार्टीले निर्वाचनमा भाग लिन दल दर्ताको निवेदन दिएका थिए ।

निर्वाचन आयोगमा दर्ता हुने दलको संख्या १३५ पुगेको छ । आयोगले सोमबार तीन दल दर्ता गरेको छ । आयोगका कानुन तथा राजनीतिक महाशाखाका अनुसार अझै २२ नयाँ दल दर्ताको प्रक्रियामा छन् ।

बालबालिका र महिलामाथि डिजिटल हिंसाका घटना बढ्दो

एक वर्षमा प्रहरीमा बालबालिकाविरुद्ध ४ सय २१ र महिलाविरुद्ध आठ हजार हिंसाका उजुरी

शान्ता कमली / नयाँ पत्रिका

नेपालमा बालबालिका र महिलामाथि हुने डिजिटल हिंसाका घटना बढेका छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सोमबार सार्वजनिक गरेको तथ्यांकले हिंसासम्बन्धी घटना बढेको देखाएको हो ।

तथ्यांकअनुसार आर्थिक वर्ष ०८१/८२ मा बालबालिकाविरुद्धका ४२१ र महिलाविरुद्धका आठ हजार हिंसाका उजुरी नेपाल प्रहरीमा दर्ता भएका छन् । चालू आर्थिक वर्षमा समेत यो संख्या बढ्दो छ । ०८१/०८२ मा भएका हिंसाका घटना अघिल्ला आर्थिक वर्षहरूसँग तुलना गर्दा पनि बढी हो । सोमबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव उदयबहादुर रानामगरले नेपालमा तथ्यांक प्रस्तुत गर्दै नेपालमा बालबालिका र महिलामाथि हुने हिंसा बढेको बताए ।

'महिला हिंसाको १६ दिने अभियान' को एक दिनअगाडि सोमबार महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) र सञ्चारिका समूहले आयोजना गरेको कार्यक्रममा रानामगरले प्रस्तुत गरेको तथ्यांकमा अघिल्लो वर्षहरूको तुलनामा हिंसाका घटना बढेको देखिएको हो ।

तथ्यांकअनुसार आव ०७५/७६ मा बालबालिकाविरुद्ध ४२१ र महिलाविरुद्ध पनि ४२१ हिंसाका घटना भएका थिए । 'विगतका वर्षको तथ्यांक र पछिल्लो वर्षको तथ्यांक हेर्दा बालबालिकाविरुद्ध र महिलाविरुद्धका हिंसाका घटना बढेका छन्,' उनले भने, 'यो एकदमै चिन्ताको विषय हो, यी घटना डिजिटिल माध्यमबाट बढी भएका छन् ।' उनका अनुसार हिंसा रोक्न सामाजिक सञ्जाल नियमनको कानुनसमेत आवश्यक छ ।

नेपाल प्रहरीको साइबर ब्युरोकी प्रहरी निरीक्षक दीपा भट्टराईले पनि ०८१ मा नौ हजार साइबर क्राइमका उजुरी दर्ता भएको बताइन् । उनका अनुसार डिजिटल क्राइममा पुरुषहरू आर्थिक अपचलनसँग जोडिएका हुन्छन् । बाँकी महिला र बालबालिकाविरुद्ध भएका हिंसा रहेको प्रहरी निरीक्षक भट्टराईले बताइन् ।

पूर्वमिस नेपाल माल्भिका सुब्बाले डिजिटल हिंसामा आफू पीडित हुनुपरेको अनुभव साटिन् । सन् २००७ बाट सामाजिक सञ्जालमा आफू जोडिएको र आफूविरुद्ध हिंसा हुँदासमेत रिपोर्टिङ गर्न नसकिएको सुब्बाले बताइन् । जेन-जी आन्दोलनकी अभियन्ता किशोरी कार्कीले छोराविरुद्ध परिवारमै विभेद हुने भएकाले हिंसा बढेको बताउँदै यसमा सरकारले चासो दिनुपर्ने सुझाव दिइन् ।

अधिवक्ता सविन श्रेष्ठले डिजिटल हिंसा न्यूनीकरणका लागि कानुन निर्माण अत्यावश्यक भएको बताए । 'अहिले पनि साइबर क्राइममा विद्युतीय कारोबार ऐन २०६४ अनुसार कारबाही हुन्छ, छिमेकी मुलुक भारत, बंगलादेशलगायतमा आइटी कानुन निर्माण भइसकेको छ,' उनले भने ।



● **उदयबहादुर रानामगर**
प्रवक्ता, सञ्चार मन्त्रालय

विगतका वर्षको तथ्यांक र पछिल्लो वर्षको तथ्यांक हेर्दा बालबालिकाविरुद्ध र महिलाविरुद्धका हिंसाका घटना बढेका छन् । यो एकदमै चिन्ताको विषय हो, यी घटना डिजिटिल माध्यमबाट बढी भएका छन् ।

■ २३ र २४ भदौको आन्दोलनमा विध्वंश

तेन्जिङ दावाबाहेक टिओबीमा आबद्ध सबै नेपाली

काठमाडौं / गत २३-२४ भदौको जेन-जी आन्दोलन भड्काउने टिओबी (तिब्बती ओरिजिनल ब्लड) समूहमा आबद्ध तेन्जिङ दावाबाहेक अन्य सबै युवा नेपाली रहेको खुलेको छ । प्रहरीले उनीहरूलाई भने पक्राउ गरेको छैन । तर, उनीहरूले प्रयोग गर्ने १४ वटा मोटरसाइकल बरामद गरेको छ । जिल्ला प्रहरीपरिसर काठमाडौंका अनुसार समूहका अध्यक्ष दावा हुन् । समूहमा दावासहित ५७ युवा आबद्ध छन् । उनै युवालाई दावाले २३ भदौको जेन-जी आन्दोलनमा उतारेका थिए । उनीहरूका लागि टिओबी अंकित कालो रंगको टिसर्ट दावाले नै बेचेका थिए । यस प्रयोजनका लागि दावाले युवासँग प्रतिटिसर्ट सात सयमा किनेर एक हजार रुपैयाँमा बेचेका थिए । युवाका लागि दावाले ज्योकट पनि डिजाइन गरेका थिए । दुई हजार ५०० रुपैयाँमा खरिद गरिएको ज्याकेट लोगो अंकित गरेपछि प्रतिज्याकेट तीन हजार रुपैयाँ असुलेर युवालाई बेचेका थिए ।

आइतबार काठमाडौंपरिसरमा गरिएको पत्रकार सम्मेलनमा प्रवक्ता एसपी पवन भट्टराईले टिओबी समूहमा संलग्न दावाबाहेक सबै युवा नेपाली रहेको बताए । 'टिओवी समूहका अध्यक्ष तेन्जिङ दावा हुन् । समूहमा दावासहित ५७ युवा सहभागी भएको देखिन्छ । दावाबाहेक सबै युवा नेपाली हुन् । उनीहरूले लगाएको टिसर्ट र ज्याकेट दावाले नै डिजाइन गरी बेचेको देखिन्छ । उनीहरूलाई दावाले आन्दोलनमा उतारेको अनुसन्धानबाट देखिएको छ,' उनले भने । प्रहरीका अनुसार टिसर्ट र ज्याकेटमा अंकित टिओबीको लोगो दावाले नै डिजाइन गरेका हुन् । दावा नेपाली ज्यापर हाकिम भनिने सुरेन्द्र गुरुङबाट प्रभावित थिए । लोगोमा उल्लेखित 'हाकिम' उनैको नाम रहेको प्रहरीको भनाइ छ । लागोको दायाँ-बायाँ ड्र्यागन र माथि फूलको चित्र अंकित छ । ड्र्यागनको अर्थ वारियर (योद्धा) र फूलको अर्थ शान्ति रहेको प्रहरीको भनाइ छ । 'टिओबीको लोगोमा ड्र्यागन, फूल र हाकिम उल्लेख छ । ड्र्यागनको अर्थ वारियर र फूलको अर्थ शान्ति रहेछ । दावा हाकिम भनिने नेपाली ज्यापरबाट प्रभावित रहेछ । त्यसो हुँदा लोगोमा उनैको नाम लेखेको रहेछ । दावाका साथै समूहमा आबद्ध अन्य युवाले पनि त्यही बयान दिएका छन्,' एसपी भट्टराईले भने ।

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१-४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np

को

अवितरित हकप्रद शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

शिव श्री हाइड्रोपावर लिमिटेडको **सर्वसाधारण समूहतर्फ ८,६५,८४५ कित्ता** अवितरित हकप्रद शेयरहरु मिति २०८२/०७/२० गतेदेखि मिति २०८२/०७/२७ गतेसम्म शिलबन्दी बोलपत्रद्वारा खरीद गर्न आव्हान गरिएकोमा सो अवधिभित्र प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८२/०८/०३ गतेका दिन खोली आवश्यक रूजु गरी मिति २०८२/०८/०५ गते निष्काशनकर्ता कम्पनीको सञ्चालक समितिले बाँडफाँड गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
आवेदकहरुको बाँडफाँडमा नपरेको शेयर वापतको रकम फिर्ता भुक्तानी मिति २०८२/०८/०९ गते मंगलबारदेखि आवेदकहरुले आफ्नो आवेदन फाराममा उल्लेख गरेको बैंक/वित्तीय संस्थाको खातामा IPS मार्फत रकमान्तर गरिने व्यहोरा जानकारी गराउँदछौं ।

साथै बाँडफाँडको अन्तिम मूल्य (Cut-off Price) सर्वसाधारण समूहतर्फ रु. १४० र उक्त मूल्यमा बोलपत्र पेश गर्नेहरुको हकमा सापेक्षिक भार अनुसार समानुपातिक रुपमा बाँडफाँड गरिएको जानकारी गराउँदै बाँडफाँडको विवरण बिक्री प्रबन्धकको वेवसाइटः www.citizenscapital.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
बाट्लेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७५५७
इमेलः info@citizenscapital.com.np, वेभसाइटः www.citizenscapital.com.np
Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

सडक डिभिजन शिवपुर, कपिलवस्तु

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०८/०५

यस डिभिजनको मिति २०८२/०६/०५ गते आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका वोलपत्रहरू मध्ये न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको वोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ वोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित वोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

S. N	Notice No.	Contract No	Description of works	Name of Successful Bidder	Bid Amount NRS (Excluding PS & VAT)
1	03/RDSPR/ 2082/083	RDSPR/ 33701138/ 082/83/20	Roadway Structural Works on Pattharkot To Chakla Section of NH51 Gorusinghe Sandikharka Road, Arghakhanchi.	M/S Pratibha Nirman Sewa, Sandhikharka-01, Arghakhanchi	1,24,00,377.50
2	03/RDSPR/ 2082/083	RDSPR/ 33701138/ 082/83/21	Roadway Structural Works on Chakla To Sitapur Section of Gorusinghe Sandikharka Road, Arghakhanchi	M/S M.S. DEVELOPERS - T.N.K. CONSTRUCTION J/V, KAPILVASTU	1,71,89,665.71
3	03/RDSPR/ 2082/083	RDSPR/ 33701138/ 082/83/22	Roadway Structural Works along Narpani-Sandhikharka Section of Taulihawa-Gorusinghe-Sandikharka Road-NH51, Arghakhanchi	M/S Paudel Construction, Sandhikharka-01, Arghakhanchi	1,72,02,913.00

डिभिजन प्रमुख

नेपालमा विद्युतीय भोटिङको सम्भावना

इभी मेसिनको प्रयोगले मतदान प्रक्रियालाई बढी सुरक्षित, निष्पक्ष एवं पारदर्शी तुल्याउन मद्दत गर्छ



● विनोदमोहन आचार्य

अग्रलेख

जेन-जी आन्दोलनको बलमा गठित प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको प्रमुख जिम्मेवारी आगामी २१ फागुनमा निष्पक्ष एवं भयरहित रूपमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराई निर्वाचित नयाँ सरकारलाई सत्ताको साँचो हस्तान्तरण गर्नु एक हो । यसरी पूर्वघोषित सो निर्वाचन गराउन अब करिब साढे तीन महिना बाँकी छ । तयार गरिएको कार्यतालिकाअनुसार हाल जारी दल दर्ता, मतदाता नामावली अद्यावधिक गर्ने कार्यसँगसँगै निर्वाचनसँग सम्बन्धित थुप्रै काम बाँकी नै छन् । तथापि, निर्वाचन आयोग र सरकार सो निर्वाचन सम्पन्न गराउन सर्वदलीय बैठक, सुरक्षा तयारीको खाका कोर्नेदेखि अन्य आवश्यकीय कार्यमा जुटेको बुझिन्छ ।

निर्वाचनको तयारी : युवा पुस्ताको ऐतिहासिक आन्दोलनरूपी आँधीबेहरीका कारण मुलुक गम्भीर मोडमा उभिएको छ । यस्तो विषम परिस्थितिमा निर्वाचन हुन लागेकाले नेपाली मात्र नभई विश्व जगत्ले समेत यसको उत्सुकतापूर्वक प्रतीक्षा गरिरहेको छ । निर्वाचनलाई व्यवस्थित, मर्यादित, विश्वसनीय, चुस्त, निष्पक्ष एवं भयरहित तुल्याउन कानुनतः विभिन्न प्रक्रिया तय गरिएका हुन्छन् । जसअनुसार निर्वाचन मिति घोषणादेखि अन्तिम निर्वाचन परिणाम घोषणा गर्दासम्म आयोगले करिब चार दर्जनजति गतिविधि गर्नुपर्ने हुन्छ । त्यसैले स्थानीय, प्रदेश वा संघकै निर्वाचन किन नहोस्, त्यसका लागि सर्वप्रथम क्यालेन्डरसहितको कार्यतालिका बनाउनुपर्छ । निर्वाचन आयोगबाट यसरी गरिने क्रियाकलापमा निर्वाचन सामग्री खरिद, मतपत्र छपाई, मतपत्रको गन्तव्यसम्म पहुँचका साथै आवश्यक जनशक्ति परिचालनजस्ता गतिविधि महत्त्वपूर्ण हुन्छन् । जसका लागि ठुलो धनराशी विनियोजित हुनुपर्छ ।

आसन्न निर्वाचनका लागि निर्वाचन आयोगले करिब आठ अर्बजति माग गरेकामा सरकारले हाललाई पाँच अर्ब स्वीकृत गरेको छ । जेन-जी आन्दोलनको मौका छोपेका गलत तत्त्वले २४ भदौमा मच्चाएको वितण्डा, विध्वंस एवं विनाशक कार्यका कारण वर्षौं लगाएर अर्बौं खर्चेर निर्माण गरिएका सरकारी संरचना ध्वस्त भएका छन् । जसमध्ये केही संरचनाको नयाँ, केहीको पुनर्निर्माण गर्नुपर्ने अवस्था छ । जसका लागि खर्बौं रकम जोहो गर्नुपर्ने बाध्यता छ । अतः सो संवेदनशील पाटोलाई केन्द्रमा राखेर आसन्न निर्वाचन पनि कसरी मितव्ययी तथा छिटोछरितो तुल्याउन सकिन्छ भन्नेतर्फ आयोग, सरकारलगायत सरोकावालासमेत सबै गम्भीर हुनु वाञ्छनीय छ ।

इभी मेसिनको प्रयोग : निर्वाचन चुस्त र मितव्ययी तुल्याउने उपायमा विद्युतीय भोटिङ मेसिन (इभिएम) को प्रयोग एक उत्तम विकल्प हो । यो नेपाल र नेपालीका निम्ति नौलो विषय पनि होइन । यसअघि केही निर्वाचन क्षेत्रमा संसदीय एवं संविधानसभा चुनाव एवं उपचुनावमा यस्तो उपकरणको प्रयोग वा अभ्यास भइसकेको छ । ०६४, ०६५ र ०७१ मा केही जिल्लामा भएका निर्वाचन एवं उपनिर्वाचनमा सम्बन्धित मतदाताले यस्तो उपकरणको सफल प्रयोग या अभ्यास गरिसकेका छन् । नेपालमा पहिलोपटक सो उपकरणको प्रयोग काठमाडौं क्षेत्र नं. १ मा २०६४ चैत २८ मा संविधानसभाको पहिलो निर्वाचनमा गरिएको थियो । यसैगरी, ०६५ मा पाँच जिल्लाका ६ निर्वाचन क्षेत्र (मोरङ ५ र ७, धनुषा ५, कास्की १, रोल्पा २ र कञ्चनपुर ४) मतदानमा सो उपकरण प्रयोग गरिएको थियो भने ०७१ मा पाँच जिल्ला (बर्दिया, बाग्लुङ, काठमाडौं, कैलाली र चितवनका केही निर्वाचन क्षेत्र) मा सम्पन्न दोस्रो संविधानसभा उपनिर्वाचनमा विद्युतीय उपकरणको सफलतापूर्वक प्रयोग भएको थियो । संयोग नै मान्नुपर्ला, जुन बखत यो पंक्तिकार चितवन जिल्ला अदालतमा कार्यरत थियो, त्यसैबखत मुख्य निर्वाचन अधिकृतको हैसियतमा चितवन-३ मा भएको उपनिर्वाचनमा विद्युतीय भोटिङ मेसिनको प्रयोगको अवसर जुरेको थियो । यस्तो मेसिनबाट मतदान गराउँदा मतदान, मतगणनाजस्ता कार्य कम झन्झटिलो, छिटोछरितो, कम खर्चिलो देखिएको थियो ।

विद्युतीय भोटिङ मेसिनको महत्त्व : 'इभी मेसिन' एउटा यस्तो उपकरण हो, जसलाई निर्वाचन प्रक्रियामा मतपत्रको सट्टा प्रयोग गरिन्छ । यसले मतदातालाई सीधै बटन दबाएर आफूले चाहेका दल र तिनका उम्मेदवारको संकेतमा मतदान गर्ने सुविधा प्रदान गर्छ भने मतगणनाको प्रक्रिया छिटो-छरितो, चुस्त, सहज एवं त्रुटिरहित तुल्याउनसमेत उत्तिकै मद्दत गर्छ । आधुनिक युगमा संसारभर मतदान प्रक्रियामा यस्तो प्रविधिको प्रयोग निरन्तर बढ्दो छ ।

निर्वाचनका सन्दर्भमा भारतकै उदाहरण लिऊँ, जहाँ दशकौंदेखि हरेकपटकको निर्वाचनमा इभी मेसिनकै प्रयोगबाट गाँरिदै आएको छ । जहाँ नेपालमा भन्दा कैयौं गुणा धेरै मतदाता निरक्षर वा कम साक्षर छन् र ग्रामीण भेगमा बसोवास गर्छन् । नेपालमा पछिल्लो दशकदेखि चाहे साक्षर होऊन् वा निरक्षर, कुल जनसंख्याको केही हिस्सा टाढा रहेका आफन्तसँग मोबाइलबाट भिडियोमा दोहोरो कुराकानी गर्ने, टिभी खोल्ने, बन्द गर्ने, युटुब हेर्ने, रिमोट कन्ट्रोल चलाउने, इन्डक्सन चुलो प्रयोग गर्नेजस्ता काममा अभ्यस्त भइरहेको अवस्था पनि छ ।

यथार्थमा इभी मेसिन प्रयोगको तुलनामा मतपत्र, मतपेटिकाको प्रयोग गर्दा झन्झटिलो नभई राज्यलाई ठुलो व्ययभार पर्छ नै । विगतका निर्वाचनमा यस पाटोतर्फ राज्यबाट किन अनदेखा गरिएको होला ? हाम्रो यो कस्तो मानसिकता हो ? वास्तवमा मतपत्र र सोको प्रक्रियासँग जोडिने दर्जनौं क्रियाकलाप निकै झन्झटिला छन् । मतपत्रको छपाइ, छपाइको मसी, मतपत्रको रुजु, त्यसपछि गन्तव्यअनुसारको प्याकिङ, मतपेटिका र मतपत्रको ढुवानी, सुरक्षाको व्यवस्थापन, मतदान, मतगणनालगायत कार्यका लागि आवश्यक जनशक्तिजस्ता निर्वाचनका लागि अत्यावश्यक दर्जनौं लजिस्टिक सामान, सिसिटिभी, मसलन्द, मतगणनास्थलको बारबेरजस्ता कार्यका लागि ठुलो धनराशी आवश्यक पर्छ । एकातिर ठुलो धनराशी खर्च गर्नैपर्ने बाध्यता र अर्कातिर मतगणना गर्न हप्तौंसम्म खट्नुपर्ने विवशताले गर्दा विगतका अनुभवबाट पाठ सिक्दै मतपत्र एवं यसको प्रक्रियासँग जोडिएर आउने खर्चिलो एवं झन्झटिलो परम्परागत प्रक्रियाको विकल्पमा मतदानमा इभी मेसिनको प्रयोग हाम्रो जस्तो विकासोन्मुख देशको परिप्रेक्ष्यमा सुलभ, व्यावहारिक एवं प्रभावकारी विकल्प हुन सक्छ ।



मतपत्र एवं यसको प्रक्रियासँग जोडिएर आउने खर्चिलो एवं झन्झटिलो परम्परागत प्रक्रियाको विकल्पमा मतदानमा इभी मेसिनको प्रयोग हाम्रोजस्तो विकासोन्मुख देशका लागि सुलभ, व्यावहारिक एवं प्रभावकारी विकल्प हुन सक्छ

इभी मेसिनका विशेषता : यथार्थमा निर्वाचनको निष्पक्षताका दृष्टिले पनि इभी मेसिनको प्रयोग विश्वसनीय आधार बन्न सक्छ । निर्वाचनमा स्वच्छता, पवित्रता, निष्पक्षता, पारदर्शिता तथा विश्वसनीयता प्रत्याभूत गर्न र नतिजामा शुद्धता ल्याउन आसन्न निर्वाचनमा इभी मेसिन उपयोगीसिद्ध हुन सक्नेमा विवाद छैन । यथार्थमा सुरक्षाका दृष्टिले समेत आधुनिक इभी मेसिनमा डाटा 'इनक्रिप्सन' एवं अन्य आवश्यकीय सुरक्षा उपाय 'लगिङ' र 'रेकर्डिङ' भइरहेको हुन्छ, जसले गर्दा पछि विवाद उठेमा जाँच गर्नसमेत सहज तुल्याउँछ । यस्तो इभी मेसिनको प्रयोगले मतदान प्रक्रियालाई बढी सुरक्षित, निष्पक्ष एवं पारदर्शी तुल्याउन मद्दत गर्छ । सो मेसिनमा उच्च प्रविधि प्रयोग हुने भएकाले कागजी मतपत्रका तुलनामा यो उपकरण प्रयोगबाट परम्परागत धाँधली कम हुन्छ । मत एवं मतदाताको पहिचान गोप्य राख्न सकिन्छ । विश्वका केही देश, जस्तै- भारत, ब्राजिल, फिलिपिन्स, अमेरिका, बेल्जियम, दक्षिण कोरिया, अर्जेन्टिना, क्यानडालगायत मुलुकमा इभी मेसिनको प्रयोग निरन्तर भइरहेको पाइन्छ ।

हाम्रो देशमा पछिल्ला वर्षमा भोटिङ मेसिन प्रयोगको उपयोगिता महसुस नै नभएको होइन । केही दलका पछिल्ला अधिवेशनमा पदाधिकारी निर्वाचनमा इभी मेसिनको प्रयोग गरिसकिएको छ । विगतका हाम्रा अभ्यासबाट प्राप्त अनुभवमा खर्चका हिसाबले मितव्ययी हुनुका साथै वातावरण संरक्षणको सन्दर्भमा समेत निर्वाचनमा यो प्रविधिको प्रयोग एक महत्त्वपूर्ण उपाय साबित हुन सक्छ ।

इभी मेसिनको परीक्षण, जनमतको सर्वेक्षण : विगतका निर्वाचनमा आयोगले इभी मेसिन प्रयोग गर्ने इच्छा जाहेर गरेको, मतदानमा इभी मेसिन प्रयोग गर्न उपयुक्त हुने व्यहोरा आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा मात्रै नभई विज्ञसहितको कार्यदलले दिएको सुझावमा समेत समेटिएको समाचार उसैबखत आएको थियो । सरकार र आयोग स्वयंले चाहेमा इभी मेसिनको विश्वसनीयता अर्थात् स्पेसिफिकेसन, प्रमाणीकरण एवं गुणस्तर आदि परीक्षणका लागि इलेक्ट्रिसियन, कम्प्युटर इन्जिनियर वा विज्ञ, प्राविधिक कर्मचारी र स्वतन्त्र विज्ञसहितको टोली तत्कालै गठन गरी रायसुझाव लिएर आवश्यक पहलकदमी गर्न सकिन्छ । स्मरण रहोस्, यसै सन्दर्भमा केही वर्षपहिले (०७७ मा) नीति अनुसन्धान प्रतिष्ठानले २१० जना मतदाताबिच सर्वेक्षण पनि गरेको थियो । जसअनुसार ९० प्रतिशत मतदाताले इभी मेसिनबाट मतदान गर्न सहज एवं उपयुक्त हुने धारणा राखेका थिए । साथै सो मेसिनप्रति तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ भनी सोधिएको एक प्रश्नमा ८० प्रतिशतले पूर्ण विश्वस्त रहेको भन्दै मतदान छिटोछरितो हुने र धाँधलीको आरोप कमै रूपमा लाग्न सक्ने बताएका थिए । (मकर श्रेष्ठ, कान्तिपुर २०७९/०५/१७)

पर्याप्त कानुनी आधार : यस्तै इभी मेसिन प्रयोग गर्ने सम्बन्धमा निर्वाचन आयोग ऐन २०७३ को दफा ३४ मा भएको व्यवस्था अध्ययन गर्दा 'आयोगले निर्वाचन व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाउनेछ' भनी उल्लेख भएको पाइन्छ । ऐनमा उल्लिखित सो प्रावधानको कार्यान्वयन सहज रूपमा गर्न सकियोस् भनेर आयोग स्वयंले जारी गरेको निर्वाचन विवाद (सुनुवाइ र निरुपण) कार्यविधि, २०७६ को दफा (२)को खण्ड (थ) र (न) मा क्रमशः मतपत्र एवं मतपेटिकाको स्पष्ट तौरमा परिभाषा गरेको पाइन्छ । जसअनुसार 'मतपत्र भन्नाले निर्वाचनमा मतदान गर्न व्यवस्था गरिएको मतपत्र सम्झनुपर्छ, साथै सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था ...' भनी उल्लेख गरेको पाइन्छ । यसैगरी, 'मतपेटिका भन्नाले मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिकाका अलावा सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेको मतसंकेतलाई अभिलेख तथा भण्डारण गर्ने विद्युतीय उपकरणसमेतलाई जनाउनेछ' भनी स्पष्ट रूपमा उल्लेख गरेर इभी मेसिन प्रयोगका लागि कानुनी रूपमा मार्ग प्रशस्त गरिएको अथवा इभी मेसिन प्रयोग गर्न कानुनी आधार पर्याप्त रहेको प्रस्ट हुन्छ ।

हुन त मतदान प्रयोजनका लागि सो उपकरण प्रयोगका सवालमा केही चुनौती पनि नभएको होइन । भोटिङ मेसिनको क्षमताभन्दा बढी उम्मेदवार खडा भइदिए के गर्ने ? अतः मेसिनले थेम्न नसक्ने गरी उम्मेदवार बढी भएका हकमा मतपत्र नै प्रयोग गर्ने वा अन्य विकल्पबारे भारतको निर्वाचन आयोग, नेपालकै नास्ट (नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान) सँग अहिल्यैदेखि समन्वय गर्न वा राय परामर्श लिन सकिन्छ । यस्तै निर्वाचनमा यो मेसिन प्रयोगबारे प्रचारप्रसार, तालिमजस्ता महत्त्वपूर्ण पाटोका साथै उच्चस्तरीय राजनीतिक सहमति लिनु पनि उत्तिकै आवश्यक छ ।

सरकार र सरकारी निकायले सुशासनका दृष्टिले कम खर्चमा के गर्दा सेवा प्रवाह चुस्त, पारदर्शी एवं छिटोछरितो हुन सक्छ भन्नेतर्फ विकल्पको खोजी गर्नु वाञ्छनीय देखिन्छ । अतः 'न सुस्ती न सास्ती' भनिएझैं आसन्न निर्वाचनमा मतदान प्रक्रिया चुस्त, छिटोछरितो, निष्पक्ष, स्वच्छ, विश्वसनीय, धाँधलीरहित, मितव्ययी एवं झन्झटरहित तुल्याउन विद्युतीय भोटिङ मेसिनको प्रयोगतर्फ सरकार, निर्वाचन आयोग, राजनीतिक दलसमेत सबै सकारात्मक भई गृहकार्यमा जुट्नु एक उपयुक्त विकल्प हुन सक्छ ।

(आचार्य पूर्वन्यायाधीश हुन्)

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **नीलकण्ठ उप्रेती**लाई



■ २१ फागुनकै निर्वाचनमा विदेश तथा अन्तरनिर्वाचन क्षेत्रमा रहेका नेपालीलाई मताधिकार दिन कति सम्भव छ ?

यो सम्भव भए पनि समयको दृष्टिले २१ फागुनकै निर्वाचनमा चाहिँ शंका छ । आई-भोटिङमार्फत मतदान गर्ने प्रचलन विदेशमा सफल भइसकेको छ । तर, हामीकहाँ तत्कालै यो लागू गर्नचाहिँ प्राविधिक दृष्टिले केही कठिन हुन सक्छ । यसका लागि सफल प्रयोग गरिसकेका देशहरूको अनुभवबाट सिक्न सकिन्छ । विदेशमा पनि नेपाली नै भएर बसिरहेका नागरिकलाई मताधिकार दिन सरकार र आयोगले अध्यादेश ल्याएर कानुनी व्यवस्था मिलाउनुपर्छ । आई-भोटिङमार्फत देशभित्रै पनि अन्तरनिर्वाचन क्षेत्रमा रहेका मतदाताले प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीमा मत दिन सक्छन् । निर्वाचन एक-डेढ महिना पर सारियो भने आगामी निर्वाचनबाटै यस्तो व्यवस्था गर्न सकिन्छ ।

■ त्यस्तो मताधिकार दिनु र नदिनुले के फरक पार्छ ?

राजनीतिक रूपमा यसले के फरक पार्छ, त्यो भिन्न पाटो होला । तर, संविधान र सर्वोच्चको आदेश, परमादेश मान्ने हो भने नागरिकको अधिकार सुरक्षित गर्नु राज्यको दायित्व हो । त्यसलाई कुनै पनि नाममा कुण्ठित गर्न पाइन्न । पहिलेको जस्तो अवस्था अहिले छैन । अहिले जो, जहाँ बसे पनि त्यहींबाट मत दिन सकिने अवस्था छ । त्यसैले, विदेशमा पसिना बगाएर रेमिट्यान्स पठाउने नागरिकको संविधानप्रदत्त अधिकार यो वा त्यो बहानामा कुण्ठित गराउन पाइन्न ।

■ इलेक्ट्रोनिक भोटिङको सम्भावनाचाहिँ कति छ ?

इच्छाशक्ति हुने हो भने प्रचुर सम्भावना छ । आई-भोटिङमार्फत विदेशबाट मात्र होइन, देशभित्रै हुने मतदाताले पनि घरबाटै मत दिन सक्ने अवस्था हुन्छ । यस्तो मतदानको सफल प्रयोग इस्टोनियाले गरिसकेको छ । प्राविधिक हिसाबले हामीकहाँ तत्काल यो सम्भव नहुने भए इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गर्न सकिन्छ । यसबाट समय, जनशक्ति र खर्चको बचत हुन्छ । एकपटकको लगानी वर्षौंसम्मका सबै तहका निर्वाचनमा काम लाग्छ ।

प्रेरक प्रसंग

समयको पालना

हामीकहाँ 'नेपाली समय' भन्ने चलनै बसिसकेको छ । हामी कुनै पनि काम समयमै सुरु गर्दैनौं । समयमै सुरु नभएपछि समयमै पूरा हुने त कल्पनै गर्नुपरेन । कतै कुनै काम, कार्यक्रम, भेटघाट, भोजभतेर या बैठकमा जाँदा पनि हामी 'नेपाली समय' भन्दै आफू पनि समयमै पुग्दैनौं र अरू पनि समयमै पुग्ने अपेक्षा गर्दैनौं । त्यसैले त हाम्रा ठुल्ठुला आयोजनासमेत वर्षौंसम्म अल्झिरहेका हुन्छन् । तैपनि, हामी 'नेपाली समय' भन्दै हाँसेरै टारिरहेका हुन्छौं ।



समयको पालनामा अहिंसावादी नेता महात्मा गान्धी अत्यन्त कडा थिए । उनी आफू पनि तोकिएकै समयमा कार्यक्रम स्थलमा पुग्थे र अरूबाट पनि त्यस्तै अपेक्षा गर्थे । यहाँसम्म कि उनीसित भेटघाटका लागि आउने हरेक व्यक्तिलाई निश्चित समय दिइन्थ्यो । तर, कुराकानी लम्बिँदै जाँदा कहिलेकाहीं उसलाई तोकिएको समयभन्दा बढी पनि हुन सक्थ्यो । तर, कसैले तोकिएभन्दा बढी समय लिने प्रयास गरेको खण्डमा गान्धी स्वयंले घडी देखाएर भेटघाटको समय समाप्त भएको सूचना दिने गर्थे ।

गान्धीको यस्तो समयको परिपालनाबाट अमेरिकी चर्चित पत्रकार लुई फिसर पनि प्रभावित थिए । एकपटक उनी गान्धीसितको भेटघाटमा थिए । तर, तोकिएको समय समाप्त भइसक्दा पनि उनको कुराकानी टुंगिएको थिएन । यस्तोमा गान्धी स्वयंले घडी देखाएर भेटघाटको समय सकिएको सूचना दिएर उनलाई बिदा गरेका थिए । यति मात्र होइन, गान्धी जहिल्यै भाषण गर्दा पनि अगाडि घडी राख्न भुल्दैनथे र समयको पालना गर्दै ठिक समयमा आफ्नो भाषण टुंग्याउने गर्थे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नोट चल्ने, भोट नचल्ने ?

विदेशमा पसिना बगाएर देश चलाउन रेमिट्यान्स पठाइरहेका लाखौं युवालाई मतदानबाट वञ्चित गर्नु कुनै पनि कोणबाट जायज मान्न सकिन्न । त्यसैले, निर्वाचन कानुनमा सुधार गरी विदेशमा काम गरिरहेका युवाले मतदान गर्न पाउने व्यवस्था मिलाउन ढिलो गर्नुहुँदैन । तिनै युवाले पठाएको रेमिट्यान्सबाट चलिरहेको सरकारको यसतर्फ ध्यान जाओस् ।

● **कुमुदा परियार**, लोलाङ, काठमाडौं

फागुनमा २१ सम्भव नभए वैशाख २१ मा पुऱ्याउँदा पनि हुन्छ, तर यो निर्वाचनमा परदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारबाट वञ्चित भने गर्न पाइन्न । नोट चल्ने, भोट नचल्ने आखिर कहिलेसम्म ?

● **गोविन्द अर्याल**

कसरी हुन्छ, विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनैपर्छ । होइन भने अहिले घोषित मितिमा चुनाव हुँदैन । चुनाव अब ८४ मै हुन्छ ।

● **इन्द्रदेव महतो**

यथास्थितिमा गरिने निर्वाचनको औचित्य हुँदैन । शासकीय स्वरूप, विधानलगायत अरू पनि संशोधन नगरी गरिएको यथास्थितिवादी निर्वाचनले दिने परिणाम फेरि अर्को २३-२४ भन्दा भयावह परिस्थिति हो यो । बकवास काम नगरौं, किन परिणाम फेरि उही ल्याउन यथास्थितिवादी निर्वाचन प्रणालीमा अर्बौं खरानी बनाउने ?

● **भीम थापा**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

राजनीतिमा उत्तरदायित्वको अन्त्य

नेपाली राजनीति आज एउटा विचित्रको दुर्दशाबाट गुज्रिरहेको छ- अक्षम्य गल्ती गर्ने नेताले समेत आत्मालोचना नगर्ने ! दुनियाँका आँखाअगाडि भएका भ्रष्टाचारलाई पनि अस्वीकार गर्ने वा त्यसबाट पन्छिने यो प्रवृत्ति अब कुनै व्यक्तिगत कमजोरी पनि रहेन । यो हाम्रो सम्पूर्ण राजनीतिक संरचनाभित्रै गढेको 'उत्तरदायित्वहीनता' नामक खतरनाक क्यान्सर हो । यसको स्थायी उपचार कसरी हुन्छ ? यसको जवाफ हाम्रो प्रणालीले नै उनीहरूका लागि तयार पारेको एक अभेद्य सुरक्षा-कवचभित्र लुकेको छ ।

नेतालाई गल्ती स्विकार्नबाट रोक्ने पहिलो कारण हो– दण्डहीनताको ग्यारेन्टी । हामीकहाँ जब कुनै नेताले गल्ती गर्छ, त्यसको सजाय तत्काल भोग्नुपर्ने कानुनी व्यवस्था नै छैन । यसलाई मलजल दिन्छ, स्वयं राजनीतिक संरक्षणले । पार्टी यति शक्तिशाली छ कि उसले दोषीलाई जोगाइछाड्छ । अझ शक्तिशाली र दोषी पार्टी नै मिलेर सरकार चलाएपछि त 'भ्रष्टाचारमा एकता' भइगयो । यो अवस्थामा न्यायालयले काम गरे पनि त हुन्थ्यो ! तर, हामीकहाँ न्यायालय पनि राजनीतिको छायामा परेको छ । अनुसन्धान गर्ने निकाय, अख्तियार र न्यायालयमा समेत जब राजनीतिक दबाब हाबी हुन्छ, तब गल्ती गर्ने नेताहरूलाई कानुनी कारबाही हुने कुरै भएन । कानुन र न्याय प्रणालीमाथिको यो नियन्त्रणले नेताहरू आफूलाई 'सुपर म्यान' ठान्छन् । यस्तो भएपछि उनीहरू जनताप्रति होइन, शक्तिकेन्द्रप्रति उत्तरदायी हुन्छन् ।

यसका लागि नेताले आफैं गल्ती स्वीकार गर्नुभन्दा पनि नागरिक समाजले आफ्नो चेतनालाई बढाएर सख्त दबाब सिर्जना गर्नुपर्छ । जबसम्म नेतालाई गल्ती स्वीकार गर्न बाध्य पार्ने शक्ति जनता र स्वतन्त्र संस्थासँग हुँदैन, तबसम्म यो देशमा 'उत्तरदायित्वको मृत्यु' भइरहनेछ ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakm ar@ gm ail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

गाजामा रोकिएको छैन युद्ध

इजरायलले 'युद्धविराम'को कूटनीतिक आवरणमा गाजामा नरसंहारलाई निरन्तरता दिइरहेको छ



देश/विदेश

● यारा हवारी

अक्टोबर १० मा 'युद्धविराम' घोषणापछि गाजाका प्यालेस्टिनीले राहतको सास फेरेका थिए । युद्धविराम लामो विध्वंसपछि आएको थियो । जतातै विनाश मात्र देखिन्थ्यो । घर त परको कुरा, गाजाका प्रायः सबै अस्पताल, विद्यालय र विश्वविद्यालयसमेत बमबारीमा नष्ट भएका थिए । सहरका ढल प्रणाली र बिजुलीका लाइनजस्ता महत्त्वपूर्ण पूर्वाधार मर्मत गर्ने नसकिने गरी क्षतिग्रस्त पारिएका थिए । बमबारीले गाजाभरी अनुमानित पाँच करोड टन भग्नावशेष थुपारेको र त्यसमुनि कम्तीमा १० हजार प्यालेस्टिनीको शव अझै पुरिएको अवस्था छ ।

यति ठुलो भग्नावशेषले घेरिएका गाजावासीले युद्धविरामपछि निरन्तरको आतंकबाट मुक्ति पाउने आशा गरेका थिए । तर, लगभग 'युद्धविराम' घोषणादेखि नै इजरायली सरकारले बमबारी गर्न सुरु गरेको थियो, जुन अझै रोकिएको छैन । गाजास्थित सरकारी मिडिया कार्यालयका अनुसार गाजामा युद्धविराम घोषणा भएपछिका ४४ दिनमा इजरायलले लगभग पाँच सयपटक 'युद्धविराम' उल्लंघन गरेको देखिन्छ, जसमा ३४२ प्यालेस्टिनी मारिएका छन् । यस अवधिमा सबैभन्दा ठुलो आक्रमण भएको दिन २९ अक्टोबरमा इजरायलले ५२ बालबालिकासहित १०९ प्यालेस्टिनीलाई मार्‍यो । युद्धविरामको उल्लंघन केवल बमबारीमा मात्र सीमित छैन । त्यहाँ भोकमरी रोक्ने सम्बन्धमा पनि इजरायलले अवरोध पुऱ्याइरहेको छ ।

'युद्धविराम' सम्झौताअनुसार इजरायलले हरेक दिन ६ सय ट्रकबराबरको सहायता सामग्री गाजाभित्र जान दिनुपर्ने थियो, जुन प्रावधान कार्यान्वयन भएको छैन । इजरायली फौजले अहिले प्रतिदिन १५० ट्रक मात्र गाजापट्टीमा प्रवेश दिइरहेका छन् । उनीहरूले खानाका साथै अत्यावश्यक औषधी, पाल र आश्रयका अन्य सामग्रीको प्रवेशमा समेत रोक लगाइरहेका छन् । प्यालेस्टिनी राहत एजेन्सीको एक गठबन्धनको अनुमानअनुसार अहिले गाजा प्रवेश गरिरहेको सहायता सामग्रीले त्यहाँका जनसंख्याको आधारभूत आवश्यकताको एकचौथाइ पनि पूरा गर्दैन ।

प्यालेस्टिनी शरणार्थीसम्बन्धी संयुक्त राष्ट्र संघीय निकाय (युएनआरडब्लुए) ले आफूहरूसँग गाजाका सबै बासिन्दालाई महिनौंसम्म खुवाउन पुग्ने खाद्यान्न रहेको बताए पनि सो निकायलाई राहत वितरण गर्न अनुमति दिइएको छैन । जबकि इन्टरनेसनल कोर्ट अफ जस्टिस (आइसिजे) ले अक्टोबरमा इजरायली सरकारले युएनआरडब्लुएलगायत कुनै पनि संयुक्त राष्ट्रसंघीय निकायलाई सहायता आपूर्तिमा बाधा पुऱ्याउन नहुने राय दिएको थियो । आइसिजेले युएनआरडब्लुए तटस्थ नरहेको भन्ने इजरायली आरोपलाई पनि अस्वीकार गर्दै निकाय मानवीय सहायता क्षेत्रको महत्त्वपूर्ण संस्था भएको बताएको थियो । तर, इजरायली सरकारले सल्लाहकारको रायलाई अस्वीकार गरेको छ ।

सहायता वितरण र निकायका अन्तर्राष्ट्रिय कर्मचारीलाई भिसा रोकेर इजरायलले युएनआरडब्लुएका गतिविधि सीमित गरेको छ । उता, इजरायलले जनवरी २०२४ मा आइसिजेले गरेको अर्को फैसलामा उल्लिखित अस्थायी उपायको समेत बेवास्ता गरिरहेको छ । गाजामा नरसंहारका सम्भावना रोक्न इजरायलले नरसंहार गर्न उक्साउने कार्य रोक्नुपर्ने, त्यस्ता कार्यमा संलग्नलाई दण्डित गर्नुपर्ने र गाजामा मानवीय सहायतालाई सुचारु गर्नुपर्ने भनी अदालतले आदेश दिएको थियो ।



उता, यत्रो विध्वंस मच्चाएर पनि इजरायल अन्तर्राष्ट्रियस्तरमा अभूतपूर्व कूटनीतिक, वित्तीय र सैन्य संलग्नता सुरक्षित गर्न सक्षम छ । त्यसको पछिल्लो उदाहरण नोभेम्बर १७ मा संयुक्त राज्य अमेरिकाको सुरक्षा परिषद्ले 'प्रस्ताव नं. २८०३' पारित गर्दा देखियो । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि सारेको गाजासम्बन्धी २० बुँदे योजना इजरायलअनुकूल छ ।

यसमा रहेका प्रावधानमा गाजामाथिको नियन्त्रण लिन दुई निकायको गठन गरिने विषय पनि छ । जसमध्ये एक निकाय 'बोर्ड अफ पिस'को अध्यक्षता ट्रम्प आफैंले गर्नेछन् । अर्को, गाजाको सुरक्षा तथा प्यालेस्टिनी समूहहरूको निःशस्त्रीकरण गर्ने जिम्मेवारी दिइएको अन्तर्राष्ट्रिय स्थिरीकरण बल पनि गठन गरिनेछ । दुवै निकायको शासन संरचना कस्तो हुनेछ, अझै स्पष्ट गरिएको छैन । तर, ती निकायले इजरायली सरकारसँगको समन्वयमा काम गर्ने भनिएको छ । अर्थात्, यसले प्रभावकारी रूपमा प्यालेस्टिनी जनतामाथि विदेशी नियन्त्रणलाई संस्थागत गर्नेछ । त्यसबाहेक प्रस्ताव नं. २८०३ ले सहायता वितरणसम्बन्धी हालका स्थानीय र अन्तर्राष्ट्रिय संरचनालाई बाइपास गर्नसमेत अनुमति दिएको छ । यसले नरसंहारको कुनै उल्लेख गरेको छैन । युद्ध अपराधसम्बन्धी जवाफदेहिताका लागि कुनै संयन्त्र प्रस्ताव नगरेको यो प्रस्ताव मूलतः गाजा नरसंहारमा इजरायलको सहयोगी रहेको अमेरिकालाई गाजामा नियन्त्रण दिने गरी बनाइएको छ ।

गाजामा अहिले जेजति कार्य भइरहेको छ, त्यसले गाजाको 'युद्धविराम' वास्तविक युद्धविराम नभएको नै पुष्टि गर्छ । इजरायली सरकारले आक्रमण गरिराखेको छ । प्यालेस्टिनी जनतालाई अझै भोकै राखिएको छ । त्यस्तै, घरवास गुमाएका लाखौं नागरिक अझै उचित आश्रय र स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित छन् । यी सबै तथ्य हेर्दा गाजामा लागू भएको भनिएको 'युद्धविराम' एक कूटनीतिक ढोंग हो । खासमा युद्धविराम भनेर अन्तर्राष्ट्रिय जगत् तथा मिडियाको ध्यान अन्यत्र मोडेर गाजाका प्यालेस्टिनी जनताको विनाश र विस्थापन अझै रोकिएको छ ।

(हवारी प्यालेस्टिनी नीति सञ्जाल 'अल-साबाका'की सहनिर्देशक हुन्)

अलजजिराबाट

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था जारी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म : स्वास गार्मेन्टस, प्रोप्राइटर तथा जमानीकर्ता : लिला बहादुर गाइने** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा प्रा.फ.नं. २६१३/६७२५/०७२, दर्ता मितिः २०७२/०७/१३, ठेगाना : जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. ७
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **२) ऋणी : सयुन्तला गाइने** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवचुली गा.वि.स वडा नं. ६, हालको ठेगाना : नवलपरासी(ब.सु.पूर्व) जिल्ला, देवचुली न.पा. वडा नं. ११, बाबु : हुम बहादुर गन्धर्व, ससुरा : बल बहादुर गाइने, पति : लिला बहादुर गाइने
	जमानीकर्ताहरु **१) लिला बहादुर गाइने :** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवचुली गा.वि.स वडा नं. ६, हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ११, बाबु : बल बहादुर गाइने, बाजे : देव्रे गाइने, **२) सचिन रन्जन :** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ७, हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ११, बाबु : लिला बहादुर गाइने, बाजे : बल बहादुर गाइने **३) सलिसा रन्जन :** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ७, हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ११, बाबु : लिला बहादुर गाइने, बाजे : बल बहादुर गाइने
२)	**ऋणी फर्म : काफ्ले पशुपालन फर्म, प्रोप्राइटर तथा जमानीकर्ता : रत्न माया घिताल काफ्ले** दर्ता नं. : पर्यटन तथा उद्योग कार्यालय नवलपुर नवलपरासी (वर्दघाट सुस्ता पुर्व) गण्डकी प्रदेश नेपालमा उ.प्रा.फ.दर्ता नं. ३२५२/०७९/०८०, दर्ता मितिः २०७९/१०/१९, ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.), देवचुली न.पा. वडा नं. १०
३)	**१) ऋणी : प्रकाश शर्मा गौतम** स्थायी ठेगाना : बाग्लुङ जिल्ला, मल्म गा.वि.सु. वडा नं. ३, हालको ठेगाना : नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. १, बाबु : ऋषि राम शर्मा गौतम, बाजे : इण्डापानी शर्मा गौतम
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **२) ऋणी : इन्दिरा शर्मा गौतम** स्थायी ठेगाना : नवलपरासी जिल्ला, देउराली गा.वि.स. वडा नं. ५, हालको ठेगाना : नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. १, बाबु : सुर्यदत पौडेल, ससुरा : ऋषि राम शर्मा गौतम, पति : प्रकाश शर्मा गौतम
	जमानीकर्ताहरु : **१) प्रकाश शर्मा गौतम,** स्थायी ठेगाना : बाग्लुङ जिल्ला, मल्म गा.वि.स. वडा नं. ३, हालको ठेगाना : नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. १, बाबु : ऋषि राम शर्मा गौतम, बाजे : इण्डापानी शर्मा गौतम, **२) जया देवी शर्मा गौतम,** स्थायी ठेगाना : बाग्लुङ जिल्ला, मल्म गा.वि.स. वडा नं. ३, हालको ठेगाना : नवलपरासी जिल्ला, हुप्सेकोट गा.पा. वडा नं. १, बाबु : देवी दत्त सुवेदी, ससुरा : इण्डापानी शर्मा गौतम, पति : ऋषि राम शर्मा गौतम
४)	**ऋणी फर्म : एम्बियन्स कुइन लज, संचालक तथा जमानीकर्ता : स्वेम न्यौपाने** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वर काठमाडौंमा, प्राइभेट फर्म दर्ता नं. ४५५७, दर्ता मितिः २०७५/०८/२६, ठेगाना : जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ११
५)	**ऋणी : मिलन घिमिरे** स्थायी ठेगाना : मोरङ जिल्ला, केरौन गा.वि.स. वडा नं. २, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १, बाबु : राम बहादुर घिमिरे क्षेत्री, बाजे : इन्द्र बहादुर घिमिरे
६)	**ऋणी फर्म : चौधरी पशुपंक्षी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : मान कुमार चौधरी** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.नं. ४७२/०७२/०७३, दर्ता मिति : २०७२/११/१६, ठेगाना : जिल्ला चितवन, राप्ती न.पा. वडा नं. ७
७)	**ऋणी फर्म : रामजी स्पेयर पार्टस, प्रोप्राईटर तथा जमानीकर्ता : जलसिया देवी** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १३७४६/७२७, दर्ता मिति २०७२/१२/०२, ठेगाना : जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. २
८)	**ऋणी फर्म : अनुराग इलेकट्रीक वर्कशप, संचालक तथा जमानीकर्ता : सीया कुमारी** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. ७६९२/६५८/१५६/४१, गरुडा, दर्ता मिति २०७६/०३/२२, ठेगानाः जिल्ला रौतहट, गरुडा न.पा. वडा नं. ४
९)	**ऋणी : दिपु श्रेष्ठ** स्थायी ठेगाना : झापा जिल्ला, अर्जुनधारा गा.वि.स. वडा नं. ८, हालको ठेगाना : झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ८, बाबु : हरिलाल श्रेष्ठ, बाजे : विनोद श्रेष्ठ
१०)	**ऋणी फर्म : दिदि भाई बंगुर कुखुरा कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : तिलक बहादुर भुजेल** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा, प्रा.फ.नं.घ.उ.वि: १०४/२२१६/१४३०५, दर्ता मिति : २०७५/०५/०४, ठेगाना : जिल्ला झापा, मेचीनगर न.पा. वडा नं. १
११)	**ऋणी फर्म : टि.एन.एफ मौल, प्रोप्राईटर तथा जमानीकर्ता : मो. असरफ अलि** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९१५७/४, दर्ता मिति २०७७/०४/०१, ठेगानाः जिल्ला रौतहट, गौर गा.वि.स. वडा नं. ४ (हाल गौर न.पा. वडा नं. २)
१२)	**१) ऋणी फर्म : विकम ट्रेडर्स एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : राम नारायन साह** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरीमा प्रा.फ.र.नं :८६५/०६७/०६८, दर्ता मिति २०६७/०७/२३, ठेगाना : जिल्ला सप्तरी, वकधुवा गा.वि.स. वडा नं. ९
	२) ऋणी फर्म : स्वस्तीक ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : सरो कुमारी साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजबिराजमा प्रा.फ.र.नं: ६७७०/०७५/०७६, दर्ता मिति २०७५/१०/०९, ठेगानाः जिल्ला सप्तरी, अग्नीसाइर कृष्णासवरन गा.पा.वडा नं .६
	कर्जाको किसिम : व्यक्तिगत कर्जा **३) ऋणी : सरो कुमारी साह** स्थायी ठेगाना : सप्तरी जिल्ला लोहजारा गा.वि.स. वडा नं.४, हालको ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा.वडा नं.६ बाबु : मुकितलाल साह, ससुरा : हरि नारायण साह तेली, पति : राम नारायण साह तेली
	जमानीकर्ताहरु : १) राम नारायण साह, स्थायी ठेगाना : सप्तरी जिल्ला लोहजरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा.वडा नं. ६, बाबु : हरि नारायण साह, बाजे : जंगल साह, **२) श्याम नाराायण साह,** स्थायी ठेगाना : सप्तरी जिल्ला लोहजरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा.वडा नं. ६, बाबु : हरि नारायण साह तेली, बाजे : जंगल साह, **३) प्रेमलता देवी साह,** स्थायी ठेगाना : सप्तरी जिल्ला लोहजरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सप्तरी जिल्ला अग्नीसाइर कृष्णासवरन गा.पा.वडा नं. ६, बाबु : राधा कृष्ण साह, ससुरा : हरिनारायण साह तेली, पति : श्याम नारायण साह
१३)	**ऋणी फर्म : यादव ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : संजय कुमार यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं १०५८८/११०८, दर्ता मिति २०७७/०९/१९, ठेगाना : जिल्ला रौतहट, पतौरा गा.वि.स. वडा नं. ३ (हाल मौलापुर न.पा. वडा नं. ४)
१४)	**ऋणी : जयराम महतो कोइरी** स्थायी ठेगाना : रौतहट जिल्ला, पिप्रा रजवाडा गा.वि.स. वडा नं. ७, हालको ठेगाना : रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ८ बाबु : खेन्हा महतो, बाजे : अकलू महतो
१५)	**ऋणी : रामविनय राय** स्थायी ठेगाना : रौतहट जिल्ला, गोडही गुडी गा.वि.स. वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. २, बाबु : देवनारायण राय, बाजे : विरा राय
१६)	**ऋणी : किसुन कुमारी** स्थायी ठेगाना : रौतहट जिल्ला, खेसरहिया गा.वि.स वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. २, बाबु : चौथी साह तेली, ससुरा : प्रसाद साह तेली, पति : सुखाडी साह तेली
१७)	**ऋणी फर्म : आयुष कुखुरा फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : उजय कुमार यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा उद्योग दर्ता नं. ८९९३/०७७/०७८, दर्ता मिति २०७७/०६/२६, ठेगानाः जिल्ला सर्लाही, बरहथवा न.पा. वडा नं. १०
१८)	**ऋणी : अच्छेलाल बैठा धोवी** स्थायी ठेगाना : रौतहट जिल्ला, समनपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना : रौतहट जिल्ला, गढीमाई न.पा. वडा नं. २, बाबु : मुसहर बैठा धोवी, बाजे : जुगा बैठा धोवी
१९)	**ऋणी फर्म : अमरेश मत्सय तथा पशु कृषि फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : सुरतीया देवी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. १०७९८/१३९८/२३८/७४ (माधवनारायण), दर्ता मिति २०७८/११/०३, ठेगानाः जिल्ला रौतहट, माधवनारायण न.पा. वडा नं. ४
२०)	**ऋणी फर्म : नरकटिया गाई तथा भैंसी फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : अशोक कुमार यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा प्रा.फ.नं ४११४/१७८, दर्ता मिति २०७०/११/१२, ठेगानाः जिल्ला रौतहट, नरकटिया गा.वि.स. वडा नं. ६
२१)	**ऋणी : राम प्रवेश राय यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, सोनरनिया गा.प. वडा नं. ५, हालको ठेगाना : रौतहट जिल्ला, मौलापुर न.पा. वडा नं. ८, बाबु : देवनारायण राय, बाजे : दुखित राय यादव
२२)	**ऋणी फर्म : रोयाल फिश फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : अरविन्द कुमार पटेल** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, कलैया (बारा), नेपालमा उद्योग दर्ता नं. ९१४६/७७६/०७७/०७८, दर्ता मिति २०७७/१०/०६, ठेगानाः जिल्ला बारा, सिम्रौनगढ न.पा. वडा नं. ५
२३)	**ऋणी फर्म : उषा एकिकृत कृषि फर्म, सञ्चालक तथा जमानीकर्ता : श्रिपती देवी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलौया, बारामा उद्योग दर्ता नं १३१९२१/६५२/०७२/८०, दर्ता मिति २०७२/१२/०७, ठेगानाः जिल्ला बारा, पचरौता न.पा. वडा नं. ३
२४)	**ऋणी : जईलाल राउत कुर्मी** स्थायी ठेगाना : रौतहट जिल्ला, नरकटिया गा.वि.स वडा नं. १, हालको ठेगाना : रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ८, बाबु : किशोरी राउत कुर्मि, बाजे : भगवान राउत कुर्मि
२५)	**ऋणी : संतोष कुमार साह** स्थायी ठेगाना : रौतहट जिल्ला, गरुडा बैरिया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४, बाबु : अच्छे लाल साह तेली, बाजे : जय नारायण साह तेली

Nepal Electricity Authority

Notice Regarding Intent to Accept the Bid

Notice Publication Date : 2082/08/09

Name & Address of Office	IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
Transformer Workshop, Kharipati (Tel No. 01-6620238)	PROK-TWB-2081/82-10	M/s Janaki International Solution Pvt Ltd, Putalisadak	NRs. 1,12,15,250.00
Tanahu Distribution Centre (Tel. No. 065-563242/563176)	NEA-TDC-082/83-SQ-01(Re)	M/s Global Multi Trade Ventures Pvt Ltd, Kathmandu-29 Nepal	NRs. 11,42,091.00

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.

(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on website	Last date for Submission/ Opening of bid Proposals
PCD-279/2025	False ceiling work in Machine Hall at Power House Complex, Arun-3 HEP, Pukhwa, Distt. Sankhuwasabha	24.11.2025	**Submission:** at (Tumlingtar Office) 16.12.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 16.12.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at Tumlingtar, Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sjvn.nic.in & https://www.sapdc.com.np.**
Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
SAPDC, Satluj Bhawan, Arun Sadan,
Tumlingtar, Distt. Sankhuwasabha, Nepal.
Tel.: +977-29-575154
E-mail: pnc.sapdc@sjvn.nic.in

Chishankhugadhi Rural Municipality
Office of the Rural Municipal Executive
Serna, Okhaldhunga

NOTICE OF TECHNICAL BID APPROVAL

First date of publication: 9th Mangsir, 2082 (25th November, 2025)

This is to notify to all the bidders who have submitted E-bids for the contract as per notice dated 20th of Bhadra, 2082 in Naya Patrika as per following details. Of all the received bids, the technical bid of following bidder succeeded qualification criterions and found to be substantially responsive. Hence, in accordance with the clause 27 (2) & (3) of PPA 2063 for the purpose of Clause 47 of same act, any bidder who disagrees with the decision, can give application for review within seven days starting from the date of publication of this notice. Thus, It is to inform all the concerned firms hereby that the financial bid will be opened at 11:00 office hours on 16th of Mangsir, 2082 at the same office.

Contract No. Description of works	Substantially Responsive Successful Bidder's in Technical Bid Evaluation:
Construction of Ayurvedic Office Building at Ward-3. (CRM/NCB/WORKS/02/082/83)	1. Sirjanshil Subodha J/V, Kathmandu.
	2. Shrestha Builders Suppliers, Okhaldhunga
	3. Samyog Construction and Suppliers Pvt. Ltd., Kathmandu.
	4. Tribeni-Moonlights Santosh JV, Okhaldhunga.

Chief Administrative Officer

महोत्तरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, महोत्तरी
मधेश प्रदेश, नेपाल

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०८/०५

यस कार्यालयद्वारा मिति २०८२/०६/२६ गतेको प्रकाशित ई-बिडिङ सूचना अनुसार पेश भई आएको आर्थिक प्रस्तावहरु अध्ययन गरि हेर्दा तपसिलमा उल्लेखित प्रस्ताव न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धीत सबैको जानकारीका लागि ७ दिने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

सि. नं	कामको विवरण	छनौट भएको संस्थाको नाम	कबुल रकम रू. (भ्याट र पि.एस सहित)
1	MAHOTTARI/GAU/NCB-01/082/83 Building Finishing works at various school in Mahottari Rural Municipality	Naman Construction Pvt Ltd, Aurahi-06	68,13,414.16
2	MAHOTTARI/GAU/NCB-02/082/83 Madai Krishi Bazaar shutter Nirman Karya	Naman Construction Pvt Ltd, Aurahi-06	78,36,183.42
3	MAHOTTARI/GAU/NCB-03/082/83 Construction of various structures at cold storage ward no.4	Shiv Jyoti Construction, Janakpur-14	45,14,294.84
4	MAHOTTARI/GAU/NCB-04/082/83 Construction of road and drain at Mahottari Rural Municipality	Kemika Construction, Janakpur-17	1,24,87,443.09

प्रमुख प्रशासकीय अधिकृत

२६)	**ऋणी : जोगेन्द्र प्रसाद कल्वार** ठेगाना : सर्लाही जिल्ला, लक्ष्मीपुर कोद्राहा गा.वि.स. वडा नं. ५, बाबु : विकाउ साह कल्वार, बाजे : गणेश साह कल्वार
२७)	**ऋणी : भगत नारायण सिंह दनुवार** स्थायी ठेगाना : सर्लाही जिल्ला, बबरगंज गा.प. वडा नं. ९, हालको ठेगाना : सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. २, बाबु : बासुदेव सिंह दनुवार, बाजे : रुपलाल सिंह दनुवार
२८)	**ऋणी : मिश्री लाल धोवी** स्थायी ठेगाना : रुपन्देही जिल्ला, मैरहवा गा.वि.स. वडा नं. ७, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, बाबु : श्याम लाल धोवी, बाजे : घिसीयावन धोवी
२९)	**ऋणी : बाल किसुन मल्लाह** स्थायी ठेगाना : रुपन्देही जिल्ला, पडसरी गा.वि.स. वडा नं. १, हालको ठेगाना : रुपन्देही जिल्ला, ओमसतिया गा.पा वडा नं. २, बाबु : गिरधारी चाई मल्लाह, बाजे : उमा चाई
३०)	**ऋणी फर्म : यादव टेन्ट हाउस, प्रोप्राईटर तथा जमानीकर्ता : धर्मेन्द्र यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगर लघु.उ.द.नं.१४५/०७३/७४, दर्ता मिति : २०७४/०३/२३, ठेगानाः जिल्ला रुपन्देही, लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. २

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ९ मंसिर ०८२

तस्करी र अवैध आयातको चेपुवामा चिनी उद्योग

उखु क्रसिङको सिजन सुरु हुनै लाग्दा गत वर्षकै चिनी बिक्री भएन, उखुकृषक र चिनी उद्योगको संरक्षण गर्न सरकारसँग माग

सरकार कृषक र स्वदेशी उद्योगको संरक्षणमा गम्भीर हुनुपर्छ



● **शशिकान्त अग्रवाल**, अध्यक्ष, नेपाल चिनी उद्योग संघ

न्यून भन्सारदरमा आयात भएको चिनी, अवैध रूपमा आयात भएको र तस्करी भई भित्रिएको चिनीले बजार लिएको छ, यस्तो चिनीसँग प्रतिस्पर्धा गर्नसमेत सकिँदैन । यदि अवैध आयात र तस्करी नरोकिने हो भने क्रसिङ भएको चिनी बिक्री गर्न सकिँदैन, चिनी बिक्री नभएमा उखु किसानलाई भुक्तानी दिन सकिँदैन । उद्योग मात्रै नभई किसानसमेत समस्यामा पर्न सक्ने अहिलेको अवस्थालाई बुझेर सरकार समस्या-समाधानमा लाग्नुपर्छ । सरकार कृषक र स्वदेशी उद्योगको संरक्षणमा गम्भीर हुन आवश्यक छ ।

नयाँ पत्रिका

तस्करी र अवैध आयातका कारण स्वदेशी चिनी उद्योग समस्यामा परेका छन् । अवैध रूपमा आयात भएका र तस्करी भई भित्रिएका चिनीसँग प्रतिस्पर्धा गर्न नसकेपछि स्वदेशी चिनीको आपूर्ति प्रभावित भएको छ । यस वर्षको उखु क्रसिङ सुरु हुने लाग्दासमेत गत वर्षको चिनी बिक्री गर्न नसकिएको भन्दै उद्योगीहरू चिन्तित भएका हुन् ।

नेपाल चिनी उद्योग संघका अनुसार गत वर्ष क्रसिङ भएको एक लाख ८२ हजार मेट्रिकटन चिनीमध्ये १० हजार मेट्रिकटन उद्योगमै मौज्दात छ । अवैध रूपमा आयात भएका र तस्करी भई भित्रिएका चिनीले बजार लिँदा स्वदेशी चिनी बिक्री नभई 'स्टक' हुन पुगेको संघले जनाएको छ । यस्तै अवस्था रहेमा उद्योगी मात्रै नभई किसानसमेत प्रभावित हुन सक्ने संघका अध्यक्ष शशिकान्त अग्रवालले बताए ।

'न्यून भन्सारदरमा आयात भएको चिनी, अवैध रूपमा आयात भएको र तस्करी भई भित्रिएको चिनीले बजार लिएको छ, यस्तो चिनीसँग प्रतिस्पर्धा गर्नसमेत सकिँदैन,' अध्यक्ष अग्रवालले भने, 'यदि अवैध आयात र तस्करी नरोकिने हो भने क्रसिङ भएको चिनी बिक्री गर्न सकिँदैन, चिनी बिक्री नभएमा उखु किसानलाई भुक्तानी दिन सकिँदैन ।' उद्योग मात्रै नभई किसानसमेत समस्यामा पर्न सक्ने अहिलेको अवस्थालाई बुझेर सरकार समस्या-समाधानमा लाग्नुपर्ने उनको भनाइ छ । 'सरकार कृषक र स्वदेशी उद्योगको संरक्षणमा गम्भीर हुन आवश्यक छ,' उनले भने ।

संघले अर्थमन्त्री रामेश्वर खनाल र कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदनप्रसाद परियारलाई भेटेर चिनी उद्योगका समस्या समाधानका लागि आग्रह गरेका छन् । उनीहरूले अवैध आयात तथा तस्करी रोक्न, स्वदेशी उत्पादनको बजार सुनिश्चित गर्न, किसानलाई अनुदान दिन तथा आयातको भन्सार महसुलमा पुनर्विचार गर्न आग्रह गरेका छन् । यस वर्ष करिब दुई लाख मेट्रिकटन चिनी उत्पादन हुने संघको अनुमान छ ।

अवैध बाटोबाट ४० हजार मेट्रिकटन चिनी भित्रियो

नेपाल चिनी उद्योग संघले आर्थिक वर्ष ०८०/८१ मा करिब ४० हजार मेट्रिकटन चिनी अवैध रूपमा आयात भएको अनुमान गरेको छ । माग, आपूर्ति, उद्योगको स्टक र बजारमा देखिएको चिनीलाई हेरेर यस्तो अनुमान गरिएको संघले जनाएको छ ।

यसबाट एकातर्फ राज्यले करोडौँ राजस्व गुमाएको छ भने अर्कातर्फ स्वदेशी चिनी उद्योग मारमा परेका छन् । 'साना-ठुला व्यापारीले भारतीय बजारबाट सस्तो मूल्यमा चिनी आयात गर्ने र आयातीत चिनीको भन्सार जाँचपासपछि नेपाली चिनी मिलका नक्कली बोराहरूमा प्याक गरी स्थानीय मिलको चिनी भन्दै बिक्री गर्ने गरेको समेत देखियो,' संघले अर्थमन्त्रीलाई बुझाएको विवरणमा उल्लेख छ । एउटै प्रज्ञापन पत्रबाट चारपटकसम्म चिनी आयात गर्ने, चामल भनेर चिनी भित्र्याउनेलगायतका प्रवृत्तिसमेत देखिएको संघले जनाएको छ । आव ०७३/७४ मा अत्यधिक तथा अनियन्त्रित रूपमा चिनी आयात हुँदा स्वदेशी उद्योग समस्यामा परी किसानको भुक्तानी समयमा गर्न नसकेको भन्दै उनीहरूले फेरि त्यस्तै अवस्था आउन सक्ने चेतावनीसमेत दिएका छन् ।

चिनी आयातमा कोटा निर्धारण गर्न माग

उद्योगीले तस्करी नियन्त्रण गर्नुका साथै आयातलाई समेत व्यवस्थित गर्न आवश्यक रहेको औँल्याएका छन् । हजारौँ किसान प्रत्यक्ष जोडिएका, हजारौँले रोजगारी पाएका, शतप्रतिशत मूल्य अभिवृद्धि हुने तथा सहउत्पादनसमेत उपयोग हुने चिनी उद्योगलाई संरक्षण गर्ने गरी आयातलाई व्यवस्थित गर्न आवश्यक रहेको उद्योगीहरू बताउँछन् ।

यसका लागि बजारको माग र स्वदेशी उत्पादनको यकिन गरेर चिनी आयातको कोटा निर्धारण गर्नुपर्ने उनीहरूको भनाइ छ । 'चिनीको आयातमा भन्सार महसुल साबिकमा ३० प्रतिशतबाट ५० प्रतिशत घटाई १५ प्रतिशत मात्रै कायम गरिएको छ, भारतको उत्पादन लागतसमेत कम भएको तथा नेपालमा भन्सारदरसमेत न्यून हुँदा स्वदेशी उद्योगले प्रतिस्पर्धा गर्न सक्दैनन्,' अध्यक्ष अग्रवालले भने, 'उखु किसान, कामदार-कर्मचारीहरू साथै स्वदेशी उद्योगहरू धराशायी हुने देखिएकाले अवैध आयात रोक्न तथा आयातको भन्सार बढाउन आवश्यक छ ।'

सरकारले चिनीको सुरक्षित मौज्दात राख्नुपर्ने

सरकारले दसैँ, तिहार, छठजस्ता ठुला चाडपर्वलाई लक्षित गरी १० हजारदेखि १५ हजार मेट्रिकटन चिनीको सुरक्षित मौज्दात (बफर स्टक) राख्नुपर्ने संघको सुझाव छ । बजारमा मूल्य नियन्त्रण तथा सहज आपूर्तिका लागि सरकारले मौज्दात राख्नुपर्ने भन्दै संघले मन्त्रीहरूलाई सुझाव दिएको हो । त्यस्तै, मूल्य निर्धारणका लागि सरकारले उद्योगीको समेत सहभागितामा एउटा समितिसमेत बनाउन सक्ने उनीहरूको सुझाव छ ।

उपभोक्ता अदालत चार महिनादेखि नेतृत्वविहीन

२ चैतमा उद्घाटन भएको अदालतमा हालसम्म २७ उजुरी दर्ता, दर्जनभन्दा बढी स्वास्थ्य क्षेत्रसँग सम्बन्धित

आवश्यकताका आधारमा सुनुवाइको काम भइरहेको छ



● **शोभाकर खरेल**
श्रेस्तेदार, उपभोक्ता अदालत

इजलास तीन सदस्यीय रहने व्यवस्था छ, दुईजना न्यायाधीश हुनुहुन्छ, तर अध्यक्ष हुनुहुन्न ।

यद्यपि, दुई न्यायाधीशले आवश्यकताका आधारमा पेसी तोक्ने र मुद्दाको सुनुवाइ गर्ने काम गरिरहनुभएको छ । अहिलेसम्म २७ वटा उजुरी दर्ता भइसकेका छन् । केहीको फैसलासमेत भएको छ ।



फैसलामा भएको ढिलाइले जनताको गुनासो बढ्दै गएको छ



● **माधव तिमिल्सिना**
उपभोक्ता अधिकारकर्मी

क्षतिपूर्ति दाबीसहितका उजुरीको फैसला गर्न उपभोक्ता अदालतले ढिलाइ गरेका कारण जनताको गुनासो बढ्दै गएको छ । अदालतले सुरुका दिनमा जस्तो काम गर्न सकिरहेको छैन । उपभोक्तालाई न्याय माग्ने ठाउँ छ र न्याय पाइन्छ भन्ने कुराको प्रत्याभूति दिलाउने गरी अदालतले काम गर्नु जरुरी छ ।

अजित अधिकारी/नयाँ पत्रिका

कालोबजारी, ठगी र क्षतिपूर्ति दाबीका उजुरी सुनुवाइ गर्ने उपभोक्ता अदालत साउनयता नेतृत्वविहीन छ । जसकारण उपभोक्ताको उजुरी सुनुवाइमा शिथिलता आएको छ ।

गत २ चैतमा उद्घाटन भई भोलिपल्टबाटै काम-कारबाही थालेको अदालतले सुरुका केही महिना क्षतिपूर्ति दाबीसहितका फिरादपत्रमा पेसी तोकेर द्रुतगतिले सुनुवाइ गरेको थियो । तर, अदालतका अध्यक्षसमेत रहेका जिल्ला न्यायाधीश रामप्रसाद शर्माको सरुवा भएपछि उपभोक्ता अदालतको अध्यक्ष रहने गरी सरकारले अर्का न्यायाधीशलाई जिम्मेवारी दिएको छैन । सोही कारण साउनयता अदालत अध्यक्षविहीन भएको अदालतका श्रेस्तेदार शोभाकर खरेलले बताए । 'इजलास तीन सदस्यीय रहने व्यवस्था छ, दुईजना न्यायाधीश हुनुहुन्छ, तर अध्यक्ष हुनुहुन्न,' उनले भने । अहिले न्यायाधीशद्वय गेहेन्द्रराज रेग्मी र आनन्दराज पोखरेलले पेसी तोक्ने र सुनुवाइ गर्ने काम गरिरहेको उनले जानकारी दिए । विगतमा शर्मा अध्यक्ष हुँदा प्रत्येक बिहीबार इजलास तोकेर सुनुवाइ भइरहेको थियो । तर, दुई न्यायाधीशले आवश्यकताका आधारमा पेसी तोक्ने गरेको उनले जानकारी दिए ।

गत चैतमा अदालत गठन भएयता हालसम्म २७ उजुरी दर्ता भएको सूचना अधिकारी कँडेलले जानकारी दिए । यसमध्ये चारवटाको फैसला आएको छ भने १५ मुद्दा सुनुवाइकै क्रममा छन् । '१२ वटा उजुरी भने खारेज, मिलापत्र, निवेदन फिर्तालगायतमा परेका छन्', उनले भने ।

नेतृत्वविहीन हुँदा अदालतमा उजुरी दिनेको संख्यासमेत घटेको छ । गत आव ०८१/८२ मा अदालत गठन भएको चैतदेखि असारसम्मको चार महिनामा १७ उजुरी दर्ता भएका थिए । र, ती उजुरीउपर लगातार सुनुवाइसमेत भएको भई चारवटाको फैसला भएको थियो । तर, चालू आर्थिक वर्ष ०८२/८३ को साउनदेखि हालसम्म ११ उजुरी मात्र परेका छन् । सूचना अधिकारी कँडेलले अध्यक्षको अभावमा दुई न्यायाधीशले नियमित सुनुवाइ गरिरहेको दाबी गरे । 'उजुरीउपर सुनुवाइ भइरहेको छ, तर प्रमाण झिकाउन समय लागिरहेकाले फैसला गर्न समय लागिरहेको छ,' उनले भने, 'पछिल्लो समय फैसला आउन ढिलाइ हुँदा काम-कारबाही नदेखिएजस्तो लागेको मात्र हो ।' उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले क्षतिपूर्ति दाबीसहितका उजुरीको फैसला गर्न उपभोक्ता अदालतले ढिलाइ गरेका कारण सर्वसाधारणको गुनासो बढ्दै गएको बताए ।

'उपभोक्ता अदालतले सुरुका दिनमा जस्तो काम गर्न सकिरहेको छैन । उपभोक्तालाई न्याय माग्ने ठाउँ छ र न्याय पाइन्छ भन्ने कुराको प्रत्याभूति दिलाउने गरी अदालतले काम गर्नु जरुरी छ,' उनले भने ।

ढिला गरी अदालत गठन हुँदा पनि अव्यवस्थित

संविधानमा नै ठगी र क्षतिपूर्ति दाबीसहित उपभोक्ताको उजुरी सुनुवाइ गर्न अलग्गै अदालत गठन हुने व्यवस्था राखिएको छ । संविधान आएको तीन वर्षपछि ०७५ मा नयाँ उपभोक्ता संरक्षण ऐन जारी गरेर उपभोक्ता अदालतको व्यवस्था गरिएको थियो । ऐनअनुसार बजार अनुगमन र जरिवानालाई तीव्रता दिए पनि सरकारले ६ वर्षपछि मात्रै उपभोक्ता अदालत गठन गऱ्यो । यति लामो समय लगाएर गठन भएको अदालतलाई समेत समुचित व्यवस्थापन गर्न सकिएको छैन ।

त्रिपुरेश्वरस्थित उद्योग विभाग परिसरमा रहेको साँघुरो क्षेत्रमा अदालतको प्रशासकीय भवन छ । त्यस्तै, न्यायाधीश र कर्मचारीसमेत काजमा खटाइएको छ । अघिल्लो मन्त्रिपरिषद्ले बल्ल अदालतको कर्मचारी दरबन्दी स्वीकृति छ । त्यसैले, अहिले मात्रै दरबन्दीअनुसार कर्मचारी राख्ने गृहकार्य भइरहेको छ । निकै ढिला गरेर गठन भएको अदालतसमेत समुचित रूपमा सञ्चालन गर्न चासो नदिनु निन्दनीय भएको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले बताए । 'यति ढिला गरी गठन भएको अदालतलाई चुस्त व्यवस्थापनसहित सञ्चालनका लागि सरकारले तदारुकता देखाउनु जरुरी छ, ठगिएका उपभोक्ताले न्याय पाउने आस राख्ने ठाउँलाई सुविधासम्पन्न बनाउनुपर्छ,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष तिमिल्सिनाले भने ।

अस्पतालको उपचार सेवासम्बन्धी उजुरी धेरै

अदालतका सूचना अधिकारी होमनाथ कँडेलका अनुसार निजी तथा सरकारी अस्पतालको लापरबाहीपूर्ण उपचारलाई लिएर धेरै उजुरी पर्ने गरेको छ । हालसम्म परेका २७ मध्ये एक दर्जनभन्दा बढी अस्पताल र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित उजुरी रहेको बताए । अदालत गठनलगत्तै परेको उजुरीको सुनुवाइ गर्ने क्रममा अस्पतालको लापरबाही उपचारलाई दोषी ठहरिने गरी अदालतले फैसला गरेका कारण पनि अहिले सोही क्षेत्रका पीडितले न्यायका लागि उपभोक्ता अदालत रोज्न थालेका हुन् ।

बाथरुममा लडेर घाइते भएका काठमाडौं महानगरपालिका- ३ का ९८ वर्षीय हरिहरप्रसादको गौतमको ओम अस्पतालले लापरबाहीपूर्ण तरिकाले उपचार गरेका कारण मृत्यु भएको दाबीसहित उनका छोरा वसन्तले दिएको उजुरीमा अदालतले अस्पताललाई दोषी ठहर गरेको थियो । र, ओम अस्पताललाई ५० लाख ७० हजार र प्रतिचिकित्सक तीन लाख पाँच हजार पाँच सय रुपैयाँका दरले पीडित हरिहरका परिवारलाई क्षतिपूर्ति दिने फैसला भएको थियो ।

त्यस्तै, २८ महिने बालिकाको उपचारमा लापरबाही हुँदा मृत्यु भएको ठहर्दै उपभोक्ता अदालतले हिमाल अस्पताल प्रालि र उपचारमा संलग्न डा. जगदेव यादवलाई एक करोड ४५ लाख ४४ हजार एक सय रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको थियो । अस्पतालले गरेको उपचारमा चित्त नबुझे न्याय माग्ने ठाउँ रहेको थाहा पाएपछि उपभोक्ता अदालतमा स्वास्थ्य क्षेत्रका धेरै उजुरी पर्न थालेको सूचना अधिकारी कँडेलले जानकारी दिए ।



सुदूरपश्चिमको पुँजीगत खर्च १.४२% मात्रै

धनगढीमा **तेजराज भट्ट**

चालू आर्थिक वर्ष ०८२/८३ को चार महिनामा सुदूरपश्चिम सरकारले पुँजीगत बजेटको डेढ प्रतिशत पनि खर्च गर्न सकेको छैन । साउनदेखि कात्तिक मसान्तसम्म प्रदेशको पुँजीगत खर्च १.४२ प्रतिशत र चालू खर्च ११.६३ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पुँजीगततर्फको १९ अर्ब ८२ करोड ५२ लाख बजेटमध्ये कात्तिकसम्म २८ करोड १८ लाख ९४ हजार रुपैयाँ खर्च भएको छ ।

अघिल्लो वर्ष आर्थिक वर्ष सुरु भएको दुई महिनापछि बजेट ल्याउँदा पनि सरकारले यही अवधिमा पुँजीगत खर्च ६.२७ प्रतिशत गरेको थियो । प्रदेशका कतिपय क्रमागत योजनामा काम भइरहे पनि नयाँ योजना कार्यान्वयनमा जान सकेका छैनन् । हालसम्म भएको खर्च पनि क्रमागत योजनाकै रहेको प्रदेश लेखाले जनाएको छ । हालसम्म कुल खर्च भने ५.५६ प्रतिशत छ ।

सरकारको भन्डै आधा बजेट १५ अर्ब ३२ करोड पाएको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गतका निकायले चार महिनामा पुँजीगततर्फ २३ करोड १२ लाख मात्र खर्च गरेका छन् । यो मन्त्रालय र मातहतका निकायको कुल खर्च २.२३ प्रतिशत र पुँजीगत खर्च १.५७ प्रतिशत छ ।



'जेन-जी आन्दोलनपछि फरक परिस्थिति बन्यो, सरकारले योजना कटौतीको निर्णय गरेपछि कुन योजना कार्यान्वयन गर्ने, कुन नगर्ने भन्ने अन्योलले पनि योजना कार्यान्वयनमा जान सकेनन्,' पूर्वाधार विकास कार्यालय कैलालीका प्रमुख दीपक नेगीले भने, 'यो महिनाभित्रै योजना टेन्डरमा गइसक्छन् ।'

प्रदेश सरकारले खर्च कटौतीका लागि चालू वर्षको बजेटमा समावेश १० लाखभन्दा कम लागतका योजना कार्यान्वयन नगर्ने निर्णय गरेको छ । यस वर्ष शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सामाजिक विकास मन्त्रालय र अन्तर्गतका निकायले पाएको ६ अर्ब ९४ करोड बजेटमध्ये चार महिनामा ३४ करोड १४ लाख मात्र खर्च भएको छ । प्रदेश लेखाको तथ्यांकअनुसार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र यो मन्त्रालयमातहतका निकायले दुई अर्ब ३३ करोड ४० लाख बजेटको ८.८६ प्रतिशत र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तीन अर्ब २९ करोड ७० लाख बजेटको ४.५१ प्रतिशत खर्च गरेका छन् ।

प्रदेश लेखा नियन्त्रक वासुदेव जोशीले यस वर्ष पहिलो चौमासिकको बजेट खर्च निकै कमजोर रहेको बताए । 'गत वर्ष दुई महिना ढिलो बजेट आउँदा पनि चौमासिक खर्च राम्रो थियो । अहिले जेन-जी आन्दोलनपछिको अवस्थाले योजना कार्यान्वयनमा अलमल देखिएकाले पनि खर्च कम भएको हो,' उनले भने ।

प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले अहिले धेरैजसो योजनाहरू टेन्डरमा गइसकेकाले पुसबाट काम सुरु हुने बताए । उनले आन्दोलनका कारण योजना कार्यान्वयनको नियमित प्रक्रिया प्रभावित भएको र कर्मचारी सरुवा पनि एक महिना पछि सरेकाले योजनाहरू कार्यान्वयनमा केही ढिलाइ भएको बताए ।

समयमा निर्णय नगर्ने नेतृत्वलाई कारबाही गर्नुपर्छ : ऊर्जामन्त्री

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पिटिसी इन्डियाबाट सस्तोमा विद्युत् खरिद प्रस्ताव आउँदा पनि समयमा निर्णय नगर्ने नेपाल विद्युत् प्राधिकरणका तत्कालीन नेतृत्व कारबाहीको भागीदार रहेको बताएका छन् । सोमबार राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा बोल्दै मन्त्री घिसिङले तत्कालीन नेतृत्वका कारण महँगोमा विद्युत् सम्झौता गर्नुपरेको बताए ।

प्राधिकरणले जनवरी १ देखि मे ३१ (पुस १७ देखि जेठ १७ गते)सम्म पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गर्ने गरी गत २७ असोजमा सम्झौता गरेको थियो, जसको खरिददर प्रतियुनिट ६.९५ भारु रहेको छ । उनका अनुसार पिटिसीले २३ साउनमा एक महिना (२३ भदौसम्म)को म्याद राखेर प्रतियुनिट ६.७४ भारुमा विद्युत् दिने गरी प्रस्ताव पठायो । तर, प्राधिकरणले २३ भदौभित्र त्यसमा निर्णय गर्न सकेनन् । यही विषयमा छलफल गर्न सोमबार मन्त्री घिसिङ र प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवाललाई संसदीय समितिमा बोलाइएको थियो ।

बोतलको पानी एमआरपीमै बेच्नुपर्ने

काठमाडौं/ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले होटेल, रेस्टुरेन्टलाई बोतलमा उल्लेख भएभन्दा बढी मूल्यमा पानी बिक्री नगर्न सूचना जारी गरेको छ ।

होटेल, रेस्टुरेन्टले अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी)भन्दा बढीमा बोतलबन्द पानी बिक्री गर्ने विकृति बढेको विषयमा उपभोक्ताले विभागमा उजुरी गरेका छन् । उक्त उजुरीपछि विभागले सोमबार एक सूचना जारी गर्दै एमआरपीभन्दा बढी मूल्यमा पानी बिक्री नगर्न निर्देशन दिएको हो ।

निर्देशनविपरीत बढी मूल्यमा पानी बिक्री गरेको सप्रमाण उजुरी आए उपभोक्ता संरक्षण ऐन, ०७५ अनुसार कारबाही गर्ने जानकारी पनि गराएको छ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

सच्याइएको

मिति : २०८२/०८/०९

मिति २०८२/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित यस कार्यालयको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा बोलपत्र नं. SDO/SLY/W/NCB/02/2082/083 को बोलपत्रदाता Laxmi Construction, Sharada-05, Salyan को कबोल अंक (मू.अ.क. बाहेक) रु. ३७१८९४७.०८ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

कार्यालय प्रमुख

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०८/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय पेप्सीकोला, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : उज्जवल लेडिज एण्ड जेन्स फेसन कलेक्सन** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग प्रा.फ.र.नं. ११७०२१/०७०/७१, दर्ता मिति : २०७१/०२/१३, पान नं. ६०२१५१४१०, दर्ता मिति : २०७१/०२/१४ ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४, महालक्ष्मीस्थान **प्रोप्राइटर : ज्योति राना मगर**
	जमानतकर्ताको विवरण
	१. नाम : हिरा बहादुर थापा ना.प्र.नं. ६०८५/६००३, इ.प्र.का. सीमरा जारी मिति : २०४६/२/२५ बाबु : ईन्द्र बहादुर थापा बाजे : मान बहादुर थापा ठेगाना : बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. २ हाल : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४ **२. नाम : ज्योति राना मगर** ना.प्र.नं. १५३५९/०५८, जि.प्र.का. चितवन जारी मिति : २०५८/४/२८ पतिको नाम : हिरा बहादुर थापा ससुराको नाम : ईन्द्र बहादुर थापा ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ हाल : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४
	धितोको विवरण
	ज्योति राना मगरको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ५/५ ज्ञ स्थित कित्ता नं. ७९४ को क्षेत्रफल ०-३-०-० भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पेप्सीकोला, काठमाडौं, फोन नं. ०१-४९९१८३६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश,नेपाल

मादी गाँउपालिका

प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

मिति : २०८२/०८/०५

यस कार्यालयको मिति २०८२/०६/३० गतेको नँया पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निम्न कार्यको लागि E-Bidding मार्फत ठक्का आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्नमा निम्न अनुसारका बोलपत्र दाताहरूले प्राविधिक प्रस्तावको शर्तहरू पूरा गर्न सफल भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ र सार्वजनिक खरिद ऐन २०६३ बमोजिम तपशिल मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

क्र. स	ठेक्का नम्बर	बोलपत्रको विवरण	सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति र स्थान
1	MRM/NCB/W05/082-083	Construction and Upgrading Of Bhagwati-Khimaje warchowk (bhagwati-Lamtari) Road at Madi RM 11	1.M/S Bhanja Construction Pokhara-17,Kaski	मिति २०८२/०८/१६ गते दिनको १:०० बजे स्थान:मादी गाउँपालिकाको कार्यलय

प्रमुख प्रशासकिय अधिकृत

पोखरामा केई र फोर्थिङको सोरुम सञ्चालनमा



काठमाडौं/ केई र फोर्थिङ इलेक्ट्रिक सवारीसाधन (इभी)को अधिकृत वितरक लक्ष्मी ई-मोबिलिटीले पोखरामा सोरुम सञ्चालनमा ल्याएको छ। सोरुम सोमबारदेखि पोखराको बुद्धचोकमा औपचारिक रूपमा सञ्चालनमा आएको हो। केई र फोर्थिङ ब्रान्डले पश्चिम क्षेत्रमै आफ्नो उपस्थितिलाई विस्तार गर्दै आधुनिक, दिगो र भविष्यमुखी इभीलाई ग्राहकसम्म पुऱ्याउने कम्पनीले जनाएको छ।

यसै अवसरमा कम्पनीले ग्रान्ड ओपनिङ अफर पनि सार्वजनिक गरेको छ। अफरमा नगद सुविधा, विशेष बोस इलेक्ट्रोनिक अप्लायन्सेस, एक वर्षको निःशुल्क अटो प्लस बिमा तथा रोड-ट्याक्स प्याकेज समावेश छन्। त्यसैगरी, प्रत्येक बुकिङमा एक रातको आकर्षक स्टे-प्याकेज पनि रहेको बताइएको छ। नयाँ सोरुमले पोखराका इभी प्रेमीलाई उच्चस्तरीय खरिद अनुभव दिने कम्पनीको लक्ष्य छ।

दिगो यातायात प्रवर्द्धन गर्ने उद्देश्यले लक्ष्मी ग्रुपले देशभर रिल्याक्स रिचार्ज नेटवर्कमार्फत ६३ भन्दा बढी चार्जिङ र रिपेयर स्टेसनको सञ्जाल विस्तार गरिसकेको छ।

यसमार्फत ग्राहकलाई सहज इभी चार्जिङ तथा सेवा-सुविधा उपलब्ध गराउँदै इभी पूर्वाधारलाई अझ सुदृढ बनाइएको कम्पनीको दाबी छ।

सिटिजन्सले ल्यायो जेन-जी बचत खाता सञ्चालनमा



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नवयुवालक्षित बचत खाता सञ्चालनमा ल्याएको छ। बैंकले ग्राहकलाई उत्कृष्ट सेवा-सुविधा उपलब्ध गराउने क्रममा सिटिजन्स जेन-जी बचत खाता सञ्चालनमा ल्याएको छ। सोमबार एक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले नयाँ खाताको सुरुवात गरे।

सार्वजनिक गरिएको यस बचत खाताले युवाहरू विशेष गरी विद्यार्थी, फ्रिलान्सर, क्रिएटर, उद्यमशील युवा तथा डिजिटल प्लाटफर्ममा सक्रियलाई उनीहरूको जीवनशैलीअनुरूपको वित्तीय आवश्यकताको समाधान प्रदान गर्ने विश्वास बैंकले लिएको छ।

जेन-जी बचत खाता न्यूनतम १०० रुपैयाँमै खोल्न सकिनेछ भने वार्षिक ३.०२ प्रतिशत ब्याजदर प्रदान गरिनेछ। साथै, युवा ग्राहकको कारोबारलाई सहज बनाउन चेकबुक, डिम्याट खाता, सी-आस्बा कमिसन तथा सी-आस्बा रेजिस्ट्रेसनजस्ता महत्त्वपूर्ण सेवा पहिलो वर्ष निःशुल्क उपलब्ध गराइने बैंकले जनाएको छ। त्यस्तै, एटिएम कार्ड, मोबाइल बैंकिङ, ई-कम कार्ड र इन्टरनेट बैंकिङ गरी चारै सेवा एकैपटक लिएमा मात्र पाँच सय रुपैयाँमै उपलब्ध हुने विशेष बन्डल्ड सुविधासमेत रहेको छ। यसले युवा ग्राहकलाई न्यून लागतमा सम्पूर्ण डिजिटल सुविधाको पहुँच प्रदान गर्ने विश्वास बैंकले लिएको छ।

त्यसैगरी, ट्राभल कार्ड जारी शुल्कमा ५० प्रतिशत छुट र मोबाइल बैंकिङमा समर्पित जेन-जी ड्यासबोर्डमार्फत व्यक्तिगत डिजिटल अनुभवको आनन्द लिने अवसर पाउने बैंकको भनाइ छ। यो बचत खाता प्रयोगकर्तालाई पहिलो मोबाइल टपअपमा २५ प्रतिशत नगद फिर्तासमेत हुनेछ।

कुमारी बैंक र बन्दीपुर केबलकारबिच १३ प्रतिशत छुट सम्झौता



काठमाडौं/ कुमारी बैंक र बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडबिच छुट सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट बैंकका गण्डकी प्रदेश प्रमुख सुदर्शनजंग राणा र केबलकारका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रोमनमान श्रेष्ठले हस्ताक्षर गरेका हुन्।

यससँगै बैंकका ग्राहकले केबलकारबाट प्रदान गरिने विभिन्न सेवामा १३ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। यस्तो छुट केबलकार टिकट, स्काई साइक्लिङ र जिपलाई टिकट तथा डाइभ इन रेस्ट्रोमा हुने बताइएको छ।

बैंकले नेपाभरका तीन सय दुई शाखा सञ्जाल, तीन सय १७ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ इकाइमार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ।

सालपा विकास बैंकलाई आइपिओ निष्कासन बोर्डको स्वीकृति

काठमाडौं/ सालपा विकास बैंकलाई साधारण सेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डले अनुमति दिएको हो।

बोर्डले बैंकलाई प्रतिकित्ता १०० अंकित मूल्यमा १७ लाख २३ हजार आठ सय ८० कित्ता आइपिओ निष्कासन गर्न सोमबार स्वीकृति प्रदान गरेको हो।

बैंकको धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल रहेको छ।

अनसिन प्रदर्शनीसँगै आर्टुडियो सुरुवात



काठमाडौं/ आर्टुडियोले अनसिन नामक पपअप प्रदर्शनीको उद्घाटनसँगै नकबाहिल, पाटनमा आफ्नो नयाँ पाटन विंगको सुरुवात गरेको छ। २१ नोभेम्बरमा सुरु भएको यस प्रदर्शनीमा अटिजम भएका २१ जना युवाले सिर्जना गरेका कलाकृति प्रस्तुत गरिएको थियो। आर्टुडियोका संस्थापक कैलाश के. श्रेष्ठद्वारा क्युरेट गरिएको यो प्रदर्शनीले आर्टुडियोको समावेशिता र समुदायकेन्द्रित सिर्जनात्मक अभ्यासप्रतिको प्रतिबद्धता दर्साएको बताइएको छ।

आकार फाउन्डेसनको सहकार्यमा आर्टुडियो र अटिजम केयर नेपाल सोसाइटीमा सञ्चालन गरिएका कार्यशालाको परिणामस्वरूप अनसिन सुरु भएको बताइएको छ। प्रदर्शनीमा प्रस्तुत भएका कलाकृतिहरू भरोसा, खोज-अनुसन्धान, धैर्य र सहज प्रयोग अनुभवबाट सिर्जना भएको श्रेष्ठले बताए।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०–०–१४.७५–० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०–१–१०.७५–० (विगाह) को जग्गा ।
५.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
६.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
८.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
९.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१०.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
११.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१२.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
१३.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
१४.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।
१५.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
१६.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
१७.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
१८.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
१९.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
२०.	पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
२१.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४ ख (हाल धनगढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०८, ८७३, ९४८ र ९४९ को क्षेत्रफल क्रमश: ०-१-१५-०, ०-५-०-०, ०-६-०-० र ०-१-१८-० (विगाह) को जग्गा ।
२२.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
२३.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा ।
२४.	बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा ।
२५.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
२६.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
२७.	कपिलवस्तु जिल्ला, गजेडहा गा.वि.स. वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मि) को घरजग्गा ।
२८.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
२९.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
३०.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
३१.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
३२.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
३३.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाह) को जग्गा ।
३४.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
३५.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
३६.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
३७.	रौतहट जिल्ला, मर्यादपुर गा.वि.स. वडा नं. २ (हाल मौलापुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३६ र ४३८ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-१-१२-० (विगाह) को जग्गा ।
३८.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
३९.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०–५–१५ र ०–५–१५ (विगाहा) को जग्गा ।
४०.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०–४–१४ (विगाहा) को जग्गा ।
४१.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
४२.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
४३.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
४४.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
४५.	धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
४६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ६/६ क (हाल खैरहनी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८४८, ८४९, ८५२, ९२६ र ९२७ को क्षेत्रफल क्रमश: ०-४-१९.५-०, ०-०-३-०, ०-०-६.५-०, ०-५-०.५-० र ०-१-५.५-० (विगाह) को जग्गा ।
४७.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
४८.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
४९.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०–०–१२.५, ०–०–१२.५, ०–०–२.२५ र ०–०–२.२५ (विगाह) को घरजग्गा ।
५०.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा ।
५१.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
५२.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
५३.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६५ को क्षेत्रफल ०-१-४-० (विगाह) को जग्गा ।
५४.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
५५.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
५६.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
५७.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
५८.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा ।
५९.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
६०.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
६१.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
६२.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
६३.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
६४.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
६५.	रौतहट जिल्ला, पिप्रा भवानीपुर गा.वि.स. वडा नं. १ (हाल राजपुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०५ को क्षेत्रफल ०-४-१३-८ (विगाह) को जग्गा ।
६६.	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
६७.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
६८.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ वो क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।
६९.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६४५ र ६४७ को क्षेत्रफल क्रमश: ०-१-१५-० र ०-०-५-० (विगाह) को जग्गा ।
७०.	बैतडी जिल्ला, पाटन गा.वि.स. वडा नं. ९ (हाल पाटन न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
७१.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
७२.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-०-७-८ (विगाह) को घरजग्गा ।
७३.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-५-० (विगाह) को जग्गा ।
७४.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०८ (हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९९५ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा ।
७५.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.८२५ को क्षेत्रफल ०-३-९.५-० (विगाह) को घरजग्गा ।
७६.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५-० (विगाह) को जग्गा ।
७७.	नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
७८.	रौतहट जिल्ला, पुरेनवा गा.वि.स वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८६५, ९२८, १२०६, १२०८, १२०४ र १०४७ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-९-०, ०-०-२-८, ०-०-१-८, ०-०-३-८ र ०-१-०-० (विगाह) को घर/जग्गा ।
७९.	भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
८०.	काठमाण्डौ जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
८१.	पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ ग (हाल विन्दवासिनी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घरजग्गा ।
८२.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८४०, ३८४१, ३८४२, ४०४७, १३३९, ६५२ र ३३६० को क्षेत्रफल क्रमश: ०-०-४-६.५, ०-०-१८-९.५, ०-०-१२-०, ०-०-१८-०, ०-०-१३-९, ०-०-११-८ र ०-०-३-० (विगाह) को घर/जग्गा ।
८३.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. १३१५ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा ।
८४.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
८५.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५३२९ को क्षेत्रफल ०-०-७^१/४^-० को घरजग्गा ।
८६.	रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १११७ र १११९ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
८७.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ ग (हाल बन्दिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २७६ को क्षेत्रफल ०-४-१-२ (रोपनी) को घरजग्गा ।
८८.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १९१२ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
८९.	तनहुँ जिल्ला, साभुङ भगवतीपुर गा.वि.स. वडा नं. ४ भ स्थित कित्ता नं. ८१६, ८७०, ८२०, ८४३ र ८२३ को क्षेत्रफल क्रमश: ३९७.४५, १५३.०२, २७०.२७, १८६.८० र ६९७.५३ (व.मी) को जग्गा ।
९०.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७ स्थित कित्ता नं. २०३, ३६ र १७५ को क्षेत्रफल क्रमश: १११६.७४, २६८० र २६८० (व.मी) को जग्गा ।
९१.	नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ८/क (हाल सुनवल न.पा. वडा नं. ९) स्थित ६२३ र ६२४ को क्षेत्रफल क्रमश: २३९.१२ र १३५.४३ (व.मी) को घरजग्गा ।
९२.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
९३.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
९४.	सिरहा जिल्ला, भदैया गा.वि.स. वडा नं. ६ (हाल लहान न.पा. वडा नं. १८) स्थित कित्ता नं. ८४६ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
९५.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विगाह) को जग्गा ।
९६.	चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ ग स्थित कित्ता नं. २०४० को क्षेत्रफल ६४०.६७ (व.मि) को घरजग्गा ।
९७.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. ७९ को क्षेत्रफल १९५.१० (व.मि) को घरजग्गा ।
९८.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल १६९.३० (व.मी.) को घर जग्गा ।
९९.	पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
१००.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-०(विगाह) को जग्गा ।
१०१.	भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६. ८८ (व.मि) को जग्गा ।
१०२.	महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ६ (हाल औरही न.पा. वडा नं. २) स्थित कित्ता नं. १६४ र १६६ को क्षेत्रफल क्रमश: ०-१-७-० र ०-२-६-० (विगाह) को जग्गा र महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ (हाल औरही न.पा. वडा नं. २) स्थित कित्ता नं. ६०५ को क्षेत्रफल ०-५-१२.५-० (विगाह) को जग्गा ।
१०३.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७ क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ र ७३१ को क्षेत्रफल क्रमश: ०-६-१०-० र ०-३-१-० (विगाह) को जग्गा ।
१०४.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं. ७/क (हाल माधव नारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२-८ (विगाह) को जग्गा ।
१०५.	सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५४० को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
१०६.	रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स. वडा नं. ६ क (हाल शियारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मी) को घरजग्गा ।
१०७.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २७०१ को क्षेत्रफल ०-१-८.५-० (विगाहा) को घरजग्गा ।
१०८.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमश: ०-०-२.२५-० र ०-०-१२.७५-० (विगाह)को जग्गा ।
१०९.	बारा जिल्ला, तेलकुवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह)को जग्गा ।
११०.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५, ६ र ७ को क्षेत्रफल क्रमश: ०-३-१२-०, ०-३-५-० र ०-५-१०-० (विगाह) को घर/जग्गा ।
१११.	झापा जिल्ला, दमक न.पा. वडा नं. १० स्थित कित्ता नं. १४४ को क्षेत्रफल २६८.५५ (व.मि) को घर/जग्गा ।
११२.	झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ४ क (हाल कमल गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५६८३, ११५, ११६, ११७, ३८४, ३८६, ३८८ र ५०४ को क्षेत्रफल क्रमश: ५४१.८२, २४५४.७३, ३६७३.६३, २३७०.०८, २०३१.५०, २७०८.६७, २०३१.५० र ११००३.९५ (व.मि) को जग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map



दीपेन्द्र र सन्दीप चम्किएका खेल

सुदूरपश्चिम र विराटनगर लगातार तेस्रो खेलमा विजयी हुँदा कप्तानहरूको उत्कृष्ट बलिङ प्रदर्शन

रमेश सुवेदी/नयाँ पत्रिका

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिगको दोस्रो संस्करणको सोमबार साबिक उपविजेता सुदूरपश्चिम रोयल्स र विराटनगर किंग्सले लगातार तेस्रो खेलमा जित निकालेका छन् । सहभागी ८ फ्रेन्चाइजमध्ये सुदूरपश्चिम र विराटनगर मात्र खेल नगुमाउने टोली बनेका छन् । तेस्रो खेलसम्म अपराजित रहँदा दुवै टोलीका कप्तान आ-आफ्ना खेलमा चम्किए । दिनको पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्समाथि नौ रनको रोमाञ्चक जित निकाल्दा विराटनगरका कप्तान सन्दीप लामिछानेले ११ रन खर्चेर चार विकेट लिए ।

डेनाइटमा भएको प्रतिस्पर्धामा सुदूरपश्चिमले कर्णाली याक्समाथि ४५ रनको फराकिलो जित हात पार्दा कप्तान दीपेन्द्रसिंह ऐरीले २३ रन खर्चेर महत्त्वपूर्ण चार विकेट हात पारेका थिए । उनले ब्याटिङमा २८ बलमा ३९ रनको योगदान दिए । दीपेन्द्रसिंह र सन्दीप आ-आफ्ना खेलका म्यान अफ दी म्याच घोषित भएका थिए । सुदूरपश्चिम र विराटनगरले समान तीन खेलबाट ६ अंक जोडेका छन् । रनरेटमा सुदूरपश्चिम पहिलो तथा विराटनगर दोस्रो स्थानमा छ ।

सुदूरपश्चिम र विराटनगरका मध्य योगफल

त्रिवि क्रिकेट रंगशालाको बलिङ पिचमा सुदूरपश्चिम र विराटनगरले आ-आफ्नो खेलमा प्रतिस्पर्धीविरुद्ध पहिलो ब्याटिङ गरेका थिए । पहिलो खेलमा विराटनगरले टस हारी ब्याटिङ गरी २० ओभरमा सात विकेट गुमाएर १ सय ३५ रन बनाएको थियो । प्रत्युत्तरमा जनकपुर बोल्ट्सले २० ओभरमा नौ विकेटको क्षतिमा १ सय २६ रन जोड्दा विराटनगरले नौ रनको रोमाञ्चक जित हात पाऱ्यो । दोस्रो खेलमा कर्णालीविरुद्ध सुरुवातमा ब्याटिङ गरी सुदूरपश्चिमले २० ओभरमा नौ विकेट गुमाएर १ सय ३९ रनको मध्यम योगफल खडा गऱ्यो । प्रत्युत्तरमा सहज मानिएको लक्ष्य पछ्याउँदा कर्णाली १९.२ ओभरमा ९४ रनमै समेटियो । अघिल्लो खेलमा कर्णालीले लुम्बिनी लायन्सविरुद्ध उत्कृष्ट ब्याटिङ गरेको थियो । तर, सुदूरपश्चिमको बलियो बलिङविरुद्ध कर्णालीको ब्याटिङ फितलो देखियो ।

पावर प्लेमै दीपेन्द्रको घातक बलिङ

१ सय ४० रन रक्षा गर्न मैदानमा ओर्लेको सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंहले दोस्रो ओभरमै बलिङ गरेका थिए । उनले १.५ ओभरमा भारतको रणजी ट्रफीका अनुभवी ब्याट्सम्यान प्रियांक पाञ्चाललाई विकेटपछाडिबाट ओभरमा विनोद भण्डारीबाट स्टम्पिङ गराए । ३.३ दीपेन्द्रसिंहले दोस्रो एनपिएलकै पहिलो शतक लगाएका खतरनाक ब्याट्सम्यान मार्क वाटको महत्त्वपूर्ण विकेट लिए । उनले १० रनमा १७ रन जोडेका वाटलाई एलबिडब्लूको धरापमा राखे । पावर प्लेमै चम्किएका दीपेन्द्रसिंहले ५.२ ओभरमा अफगानिस्तानका आक्रामक ब्याट्सम्यान नाजिबुल्लाह जार्दानलाई एलबिडब्लूको सिकार गर्दै कर्णालीलाई २९-४ को कमजोर स्थितिमा पुऱ्याए । दीपेन्द्रसिंहले इनिङ्सको १३.६ ओभरमा गुल्सन झाको विकेट लिँदा कर्णाली ८१-७ को नाजुक अवस्थामा रह्यो ।



कर्णालीको ब्याटिङमा पवन सराफले २६ बलमा चार चौका प्रहार गरी सर्वाधिक २७ रको योगदान दिए । सोमपाल र पवनबिच पाँचौं विकेटका लागि ३४ रनको ठोस साझेदारी भएको थियो । यसपछि कुनै पनि ब्याट्सम्यानबिच गतिलो साझेदारी भएन । सुदूरपश्चिमको जितमा अमेरिकन खेलाडी हर्मित सिंहले चार ओभरमा एक मेडन राखी १९ रन खर्चेर २ विकेट लिए । उनले ब्याटिङ क्रममा १६ बलमा समान एक चौका र छक्का प्रहार गरी १९ रन जोडेका थिए । सुदूरपश्चिमको ब्याटिङमा हर्मित र दीपेन्द्रसिंहबिच छैटौं विकेटका लागि महत्त्वपूर्ण ४८ रनको साझेदारी भएको थियो ।

सन्दीपको स्पिनमा जनकपुर धराशयी

स्पिनरका लागि सहयोगी पिच मानिएको त्रिवि रंगशालामा विराटनगरले पहिलो ब्याटिङ गरेको थियो । जनकपुरका संगिथ कोराय र रुपेश सिंहले समान दुई विकेट लिँदा विराटनगरको ब्याटिङ कमजोर रह्यो । रन बनाउन संघर्षरत विराटनगरका लागि बसिर अहमेद र सुभम रञ्जनेले चौथो विकेटका लागि ५५ रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए । बसिरले ३५ बलमा तीन छक्का प्रहार गरी ३६ रन तथा सुभमले २९ बलमा समान दुई छक्का र चौका प्रहार गरी ३७ रन जोडे । जनकपुरको ब्याटिङमा शीर्ष तथा मध्यक्रम बलियो देखियो । तर, पुछारका ब्याट्सम्यानहरू निरन्तर रूपमा पेभेलियन फर्कँदा जनकपुर लक्ष्यसम्म पुग्न सकेन ।

यसमा विराटनगरका कप्तान सन्दीपले घातक बलिङ गरे । उनले इनिङ्सको ६.४ ओभरमा अनिल साह, ८.२ ओभरमा मिलान्थ, १७.२ ओभरमा रूपेश सिंह तथा १७.३ ओभरमा कोरायको विकेट लिँदै विराटनगरको जित सम्भव बनाए । जनकपुरको ब्याटिङमा ओपनर लाहिरू मिलान्थले २२ बलमा २३ रन तथा सञ्जय कृष्णमूर्तिले १२ बलमा २० रनको योगदान दिए । जान निकोलले ३० बलमा ४१ रन बटुले पनि टोलीलाई जित दिलाउन सकेनन् ।

आजको खेल

काठमाडौं गोर्खाज — दिउँसो ४ बजे — लुम्बिनी लायन्स

म्याच प्रिभ्यु

जितको खोजीमा काठमाडौं र लुम्बिनी

गत वर्षको नतिजा

काठमाडौं गोर्खाज १०३ (१९.२ ओभरमा अलआउट), लुम्बिनी लायन्स ८५ (१९.२ ओभरमा अलआउट),
काठमाडौं १८ रनले विजयी

दोस्रो संस्करणको एनपिएलअन्तर्गत मंगलबार काठमाडौं गोर्खाज र लुम्बिनी लायन्सबिच दिउँसो चार बजे प्रतिस्पर्धा हुँदै छ । काठमाडौं र लुम्बिनीका एउटै लक्ष्य जित हुन् । काठमाडौं र लुम्बिनीले आ-आफ्नो पहिलो खेलमा जित निकाल्दै एनपिएलमा उत्कृष्ट सुरुवात गरेका थिए । त्यसपछि दुवै टोलीले जितको लय गुमाए । एनपिएलको ११औं खेलमा अंकतालिकामा सुधार गर्ने लक्ष्यका साथ काठमाडौं र लुम्बिनीका खेलाडी त्रिवि क्रिकेट रंगशालामा ओर्लनेछन् ।

काठमाडौंले पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्समाथि पाँच विकेटको जित निकालेको थियो । सुदूरपश्चिम रोयल्ससँग २९ रनले पराजित भएको काठमाडौं विराटनगरबाट पाँच विकेटले हाऱ्यो । लुम्बिनीले आफ्नो पहिलो खेलमा चितवन राइनोजमाथि ६ विकेटको सानदार जित निकालेको थियो । दोस्रो खेलमा लुम्बिनीले कर्णाली याक्सलाई नौ विकेटले खेल सुम्पियो । प्ले-अफको आशा जीवितै राख्न पनि यी दुवै टोलीलाई जित आवश्यक छ ।

काठमाडौंले तीन खेलमा दुई अंक जोडेको छ । लुम्बिनीले दुई खेलबाट दुई अंक हात पारेको छ । जितले दुईमध्ये एक टोली अंकतालिकाको तेस्रो स्थानमा उक्लनेछ । काठमाडौं र लुम्बिनीको एउटै समानता छ । यी दुवै टोली पछिल्ला खेलमा ब्याटिङमा कमजोर प्रदर्शन गरेका थिए । उनीहरूले स्कोर बोर्डमा विपक्षीलाई चुनौतीपूर्ण लक्ष्य प्रस्तुत गर्न सकेनन् । काठमाडौंका प्रशिक्षक मोन्टी देसाईले खेलाडीहरूले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्दा टोली पराजित भएको बताउँदै आएका छन् । लुम्बिनीका प्रशिक्षक टिनु योहान्नानको तर्क पनि यस्तै छ । ओपनिङ र फिनिसिङ गतिलो नहुँदा लुम्बिनीले स्कोर बोर्डमा ठुलो योगफल खडा गर्न नसकेको टिनुको भनाइ छ । काठमाडौंका कप्तान करण केसीले बलिङमा विपक्षी ब्याट्सम्यानमाथि दबाब राखे पनि उसका ब्याट्सम्यानहरूले अपेक्षाअनुसार ब्याटिङ गरेका छैनन् । लुम्बिनीको मध्यक्रम बलियो देखिन्छ । तर, लुम्बिनीको फिनिसिङ गतिलो छैन । लुम्बिनीका कप्तान रोहितकुमार पौडेल उत्कृष्ट फर्ममा छन् । उनले मध्यक्रममा टोलीको ब्याटिङ बलियो मात्र बनाएका छैनन् । अन्य ब्याट्सम्यानसँग साझेदारी पनि राम्रो साथ दिइरहेका छन् । उनले चितवनविरुद्ध ३९ रन तथा कर्णालीविरुद्ध ४९ रन जोडेका थिए ।

एनपिएलको पहिलो सिजनमा यी दुवैबिचको खेल लो स्कोरिङ भएको थियो । पहिलो ब्याटिङ गरेको काठमाडौं १९.२ ओभरमा १०३ रनमा अलआउट भएको थियो । सहज लक्ष्य पछ्याएको लुम्बिनीले १९.२ ओभरमा सबै विकेट गुमाएर ८५ रन बनाउँदा काठमाडौं १८ रनले विजयी भयो ।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
सुदूरपश्चिम	३	३	०	६	१.५३
विराटनगर	३	३	०	६	१.४५
कर्णाली	३	१	२	२	०.१६
चितवन	२	१	१	२	-०.११
काठमाडौं	३	१	२	२	-०.६०
लुम्बिनी	२	१	१	२	-१.५२
जनकपुर	२	०	२	०	-०.६०
पोखरा	२	०	२	०	-१.७७



खेलपछिका भनाइ

आशा गरिएका खेलाडीले राम्रो खेलेनन्

● **राजु बस्न्यात**, प्रशिक्षक, कर्णाली



सुदूरपश्चिमसँगको खेलमा आशा गरेका ब्याट्स्मानले राम्रो प्रदर्शन गर्न नसक्दा हार व्यहोरेको हो । मध्यक्रममा खेलाडीले अन्तिमसम्म खेल्दा रहे पनि ब्याटर रहेकाले सहजै लक्ष्य भेटाउने सक्ने थियो । तर, उनीहरूले आफ्नो क्षमताअनुरूप खेल्न सकेनन् । सुदूरपश्चिमले अन्तिम ५ ओभर खेल्दा नै ब्याटिङका लागि पिचले मद्दत गरेको देखिएको थियो ।

अरू टोलीमाथि दबाब परेको छ

● **दीपेन्द्रसिंह ऐरी**, कप्तान, सुदूरपश्चिम रोयल्स

हाम्रो ह्याट्रिक जितले अरू टोलीमाथि दबाब परेको छ । लगातार तीन जितले एनपिएलको प्लेअफमा स्थान बनाउन ठुलो मद्दत पुगेको छ । कीर्तिपुरको पिचको अवस्था हेरेर पहिले नै हाई स्कोरिङ म्याच नहुने आकलन भयो । हाम्रा खेलाडीले पिचको अवस्थाअनुरूप खेले । ब्याटिङमा सोचेजस्तो धेरै स्कोर नबने पनि बलिङ युनिटले उत्कृष्ट प्रदर्शन गर्दा नतिजा हाम्रो पक्षमा आयो ।

स्पिनरलाई सहयोग गर्ने पिच हो

● **सन्दीप लामिछाने**, कप्तान, विराटनगर किंग्स



त्रिवि मैदानको यो पिच स्पिनरका सहयोग गर्ने किसिमको थियो । हामीले सुरुवातमा बलिङ गरेको भए २०औं ओभरसम्मै स्पिनर खेलाउँथ्यौं । पिचको स्वरूपअनुसारै पहिले बलिङ गरेको जनकपुरले १६औं ओभरसम्म स्पिनर नै लगाएको थियो । त्यस क्रममा जनकपुरले किफायती बलिङ पनि गऱ्यो । खेलमा फास्ट बलरले राम्रो गरे । स्पिनर सूर्य तामाङ र नरेन भट्टसँगै समग्र बलिङ युनिट राम्रो हुँदा लक्ष्य जोगाउन सफल भएको हो ।

लगातार दुई खेलमा हार्नु राम्रो होइन

● **शिवनारायण चन्द्रपाउल**, प्रशिक्षक, जनकपुर बोल्ट्स

जनकपुरले एनपिएलमा लगातार दोस्रो हार व्यहोरेको छ । यो राम्रो होइन । हाम्रो शीर्षक्रमका ब्याटसम्यानहरूमा समस्या आयो । उनीहरूले अपेक्षाअनुसार प्रदर्शन गर्न सकेनन् । जब मुख्य जिम्मेवार खेलाडी बारम्बार खेलमा चुकिरहन्छन् । त्यसवेला टोलीको प्रदर्शन राम्रो हुन सक्दैन । प्रत्येक खेलमा गल्ती सुधार्दै अगाडि बढ्नुपर्छ ।

■ आजको तस्बिर



जित हाम्रो

एनपिएलअन्तर्गत सोमबार कर्णाली याक्सविरुद्धको प्रतिस्पर्धामा सुदूरपश्चिम रोयल्सका समर्थक । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

प्लेयर्स टु वाच

सन्दीप जोरा (लुम्बिनी)

हडकड सुपर सिक्सेजदेखि सन्दीप उत्कृष्ट फर्ममा छन् । यस सिजनको हडकड सिक्सेजमा सर्वाधिक रन बनाउने ब्याट्सम्यान नै उनी बनेका थिए । मध्यक्रमका सन्दीपले पहिलो खेलमा चितवनविरुद्ध २८ रनको योगदान दिएका थिए । तर, दोस्रो खेलमा उनले कर्णालीसँगको महत्त्वपूर्ण खेलमा एक रनमात्र जोडे । यद्यपि, टी-२० फर्म्याटमा जोरा नेपाली खेलाडी मध्य राम्रा ब्याट्सम्यान मानिन्छन् । क्रिजमा थोरै समय पाउँदा उनले खेलको अवस्था नै परिवर्तन गर्न सक्छन् । काठमाडौंविरुद्धको प्रतिस्पर्धामा उनी लुम्बिनीका लागि प्रभावशाली बन्न सक्छन् ।



डार्सी जोन सर्ट (लुम्बिनी)

अस्ट्रेलियाका अनुभवी खेलाडी डार्सीले कर्णाली र चितवनविरुद्ध खासै जम्न सकेनन् । उनले कर्णालीविरुद्ध १९ रन तथा चितवनसँगको खेलमा ११ रन मात्र जोडेका । यी दुवै खेलमा बलिङ गरे पनि उनी विकेटविहीन भएका थिए । दुई खेलमै ओपनिङमा गतिलो योगदान दिन नसकेका डार्सी समक्ष काठमाडौंविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुने अवसर छ । अस्ट्रेलियाबाट एकदिवसीय खेलमा एक अर्धशतकको मद्दतमा दुई सय ११ रन जोडेका डार्सीले टी-२० आईमा चार अर्धशतक लगाएका छन् । ओपनिङ ब्याटिङ जिम्मेवारी सम्हाल्ने उनले बायाँ हातले स्पिन बलिङ गर्छन् ।



साहब आलम (काठमाडौं)

आलमले कप्तान करण केसीलाई बलि एट्याक्टमा गतिलो साथ दिइरहेका छन् । बायाँ हाते स्पिनर आलमले एक खेलमा मात्र विकेटविहीन भएका छन् । उत्कृष्ट फर्ममा रहेको सुदूरपश्चिम रोयल्ससँगको खेलमा १३ रन खर्चेका उनले विकेट लिन सकेनन् । जनकपुर बोल्ट्ससँगको उद्घाटन खेलमा उनले २० रन दिँदै एक विकेट हात पारे । विराटनगर किंग्सविरुद्ध उनले १९ रन दिएर दुई विकेट लिँदा पनि काठमाडौंलाई जित दिलाउन सकेनन् । त्रिवि क्रिकेट रंगशालामा उनको बलिङ बिस्तारै प्रभावशाली भइरहेको देखिन्छ । पिच ओसिलो हुँदा स्पिन बलिङको प्रभाव देखिएको छ ।



बेन चार्लेसवर्थ (काठमाडौं)

काठमाडौंले लगातार दुई खेल गुमाए पनि इंग्ल्यान्डका यूवा खेलाडी वेनले ब्याटिङमा निराश पारेका छैनन् । सुदूरपश्चिम रोयल्ससँगको प्रतिस्पर्धाबाहेक उनले विराटनगर किंग्स र जनकपुर वोल्ट्सविरुद्ध अपेक्षाअनुसारै ब्याटिङ गरेका छन् । जनकपुरविरुद्ध ४६ रन तथा विराटनगरसँगको खेलमा ३२ रन बनाएका वेनले लुम्बिनीको कमजोर बलिङको फाइदा लिन सक्छन् । ओपनिङमा विपक्षी बलरको धारिलो आक्रामणविरुद्ध उनी डटेर सामना गर्छन् । ओपनिङ र अरू विकेटमा राम्रो साथ पाउँदा बेन आक्रामक रूपमा प्रस्तुत हुने गर्छन् । उनले करिअरमा ४४ टी-२० खेलमा ७ सय ७६ रन बनाएका छन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com